# आर्थिक बर्ष २०८०/०८१ को

# नीति, कार्यक्रम तथा बजेट




## कैलारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

Website : kailarimun.gov.np

Email : info@kailarimun.gov.np

# दुई शब्द

सहभागितात्मक विकास योजना तर्जुमा प्रकृयाको अवधारणा अनुरुप, कैलारी गाउँपालिकाको आर्थिक बर्ष २०७९/२०८० को बर्षे (बजेट) सभा अधिवेशनबाट कैलारी गाउँपालिाको विकास योजना तर्जुमा गरी प्रकाशन भएकोमा म हर्षित भएको छु । सीमित स्रोत र साधनहरुको उपलब्धताले गाउँपालिकाका विकासका सबै आवश्यकताहरुलाई सम्बोधन गर्ने कार्य जटिल भए पनि, विद्यमान विषम परिस्थितिमा पनि जनचाहनाको उच्चतम सम्बोधन तथा प्राथमिकताका आधारमा आवश्यकतालाई समेट्ने प्रयास गर्दै सामाजिक न्यायको सिद्धान्तका आधारमा आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रम र बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन,२०७४ स्थानीय तहको बार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्न (परिमार्जित), २०७४, कैलारी गाउँपालिकाले तयार गरेको ऐन, नियम, नियमावली तथा कार्यविधिमा निर्दिष्ट भएका प्रावधान, संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरुको प्राप्ती, गाउँपालिका वस्तु स्थितीलाई सम्बोधन गर्ने गरी स्थानीय वाँसिन्दाहरुको सक्रिय सहभागितामा वस्ती स्तरमै योजना छनौट, वडागत तहमा योजनाहरुको प्राथमिकिरण, बिषयगत समितिमा छलफल, बजेट तथा कार्यक्रम तर्जुमा समितिमा परिमार्जन, गाउँकार्यपालिकाको बैंठकमा छलफल लगायतका सवै चरणहरु पुरा गरी कैलारी गाउँपालिकाको एघारौं गाउँसभा अधिवेशनबाट पारित कैलारी कैलारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

कैलारी गाउँपालिकाको प्रमुख सवालका रुपमा रहेका जनसंख्या बृद्धि, शैक्षिक विकास, स्वास्थ्य विकास, नदी जन्य प्रकोप, वन विनास/वनअतिक्रमण, विद्युत, संचार तथा खानेपानीको विकास सम्बन्धी कार्यक्रमका साथसाथै मुक्त कमैया/कम्लहरी, दलित, पिछडिएका जातजाती, महिला, बालबालिका, अपाँङ्गता भएका व्यक्ति, जेष्ठ नागरीक, एकल महिला, यौनिक अल्पसंख्यक, आर्थिक तथा सामाजिक रुपमा पिछडिएकाहरुलाई विकासमा विशेष केन्द्रित गर्नुका साथै गतविगतका सिकाईलाई आत्मसाथ गर्दै यो गाउँ विकास योजना तयार गरिएको छ ।

***"बिकेन्द्रित, समावेशी तथा जनमुखी विकास र सुशासन हाम्रो प्रतिवद्धता ॥कैलारी रुपान्तरणका लागि समन्वय, सहकार्य तथा नागरीक सहभागिता ॥"*** भन्ने मुल नारालाई आत्मसाथ गर्दै गाउँ विकास योजना तर्जुमा गर्ने क्रममा दिर्घकालिन, मध्य कालिन तथा अल्पकालिन रुपमा प्रभाव गर्ने

खालका योजनाहरुको तर्जुमा गर्दै सामाजिक न्याय तथा समावेशीकरणका सम्पूर्ण क्षेत्र समेट्ने प्रयास गर्नुका साथै कृषिमा यान्त्रीकिकरण, आधुनिकिरण, रोजगार अभिबृद्धि, वन तथा वातावरण सँरक्षण, विपद व्यवस्थापनका कार्यक्रमलाई प्रभावकारिताका साथ लागु गर्दै दिगो विकासका अवधारणालाई संस्थागत गर्ने गरी योजना तर्जुमा गरिएकोछ, तथापि कहीँ केही कमजोरी रहन गएको भए विकास कार्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सम्वद्ध सवैमा सकारात्मक सुझावको अपेक्षा राखेको छु ।

अन्तमा, यो कैलारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने संघीय सरकार, प्रदेश सरकार, माननीय साँसदज्यूहरु,राजनैतिक पार्टीका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सरकारी तथा गैरसरकारी संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,कैलारी गाउँसभाका सदस्य ज्यूहरु, गाउँकार्यपालिको कार्यलयका कर्मचारी मित्रहरु, लगायत सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु । यसरी गाउँ विकास योजना तयार गरी यहाँहरु समक्ष पेश गर्न पाउँदा हर्ष तथा गौरव व्यक्त गर्दै समग्र कैलारी कैलारी गाउँपालिकाका विकास योजनाहरुको कार्यान्वयनमा समेत यहाँहरुबाट रचनात्मक सहयोग, सदभाव र पृष्ठपोषणको आपेक्षा गर्दै, आगामी वर्षहरुमा यहाँहरुबाट अझै सहयोग तथा सहकार्यकमा वृद्धि हुनेछ भन्ने समेत मैलै विश्वास र आशा लिएको छु ।

१७,अषाढ, २०८०



राज समझ चौधरी
अध्यक्ष,
कैलारीगाउँपालिका
कैलाली



# प्राक्कथन

स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय तहको बार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन (परिमार्जित), २०७४, कैलारी गाउँपालिकाले तयार गरेको ऐन, नियम, नियमावली तथा कार्यविधिमा निर्दिष्ट भएका प्रावधान अनुरुप स्थानीय समुदायबाटै वस्ती स्तरमै योजना छनौट, वडा गत तहमा योजनाहरुको प्राथमिकिरण लगायतका विभिन्न चरणहरु पार गर्दै कैलारी गाउँपालिकाको आ.व.२०७९/२०८० को बर्षे (बजेट) सभा अधिवेशनबाट पारित गरी आर्थिक वर्ष २०८०/८१ को नति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम तयार गरिएको छ ।

कैलारी गाउँपालिकाको आफ्नै पहिचान तथा बिशिष्टताले भरिएको इतिहास छ । कैलारी गाउँपालिकामा बसन्ता अन्तराष्ट्रिय जैविक मार्ग, सीमसार क्षेत्र, वन क्षेत्र तथा प्रसस्त मात्रमा तालतलैयाहरु रहनुका साथै प्राकृतिक रुपमा समेत सम्पन्न रहेको छ । यस गाउँपालिकाको सम्पूर्ण भू-भाग खेती योग्य हुनाले यहाँ धान, गहुँ, आलु, तरकारी, बगरखेती एवं दलहन तथा तेलहनको प्रसस्त सम्भावना रहेकोछ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण यस गाउँपालिकामा पर्यटन विकासका समेत त्यतिकै सम्भावना रहेको छ । यस गाउँपालिकामा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अर्न्तगत गहुँ सुपरजोन, धान तथा माछा पकेट र ब्लक रहेका तापनि गाउँपालिाकाको वास्तविक वस्तु स्थिति तर्फ दृष्टि दिँदा वन विनाश, नदी कटान, वातावरणीय समस्या, मानव संशाधन विकासका समस्या, कृषिमा आधुनिकीकरणका समस्या, भौतिक पूर्वाधार विकास सम्बन्धी समस्याहरुका साथै विपन्न तथा सिमान्तकृत समुदायको उत्थान तथा सशक्तिकरण यस गाउँपालिकाका प्रमुख चुनौतीका रुपमा देखिएका छन ।

कैलारी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम योजना तर्जुमा गर्दा उल्लेखित सम्पदा तथा सफल पक्षहरुको उचित व्यवस्थापन तथा परिचालनका साथै गाउँपालिकाका चुनौती तथा सवालहरुको सम्बोधन गर्दै आम कैलारी बाँसीहरुको चाहना आवश्यकताहरुलाई क्रमागत रुपमा सम्बोधन गर्दै सम्बृद्ध कैलारीको अवधारणालाई संस्थागत गर्दै लैजाने यस गाउँपालिका पदाधिकारीहरुको प्रतिवद्धतालाई साकार बनाउनका लागि कैलारी गाउँ विकास योजना, कैलारी गाउँपालिकाको आ.व.२०७९/२०८० को बर्षे (बजेट) सभा अधिवेशनबाट पारित सम्पूर्ण, नीति, बजेट,कार्यक्रम तथा निर्णयहरुको आधारमा तयार पारिएको हो ।

३

कैलारी गाउँ विकास योजना निमार्णका क्रममा विशेष सुझावसहित मागदर्शन गरी सहयोग पुऱ्याउनुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, गाउँकार्यपालिका

सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु,सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरु, प्रति हृदयदेखि नै आभार व्यक्त गर्दछौँ साथै गाउँकार्यपालिका सम्पूर्ण कर्मचारीवर्ग, बिषयगत शाखाका सम्पूर्ण कर्मचारी मित्र, वडा सचिव लगायत वडाका सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ । यसै गरी यस गाउँपालिका क्रियाशिल सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद प्रकट गर्दै आगामी दिनहरुमा पनि यस्तै किसिमको सहयोग र समन्वयको अपेक्षा गर्दछौं ।

अन्तमा, विकेन्द्रीकरणको सिद्धान्त एवं स्थानीय सरकार संचालन ऐनको अवधारणा अनुरुप गाउँ विकास योजनालाई व्यवस्थित र सिलसिलेवार बनाउने प्रयास गरेका छौँ । हाम्रो प्रयासमा केही कमी-कमजोरीहरु हुन सक्लान, त्यस्ता कमी कमजोरीहरुलाई आगामी दिनहरुमा क्रमशः सुधार्दै लैजाने प्रतिबद्धता जाहेर गर्दै सम्बन्धित सबै पक्षहरुबाट आवश्यक सुझाव एवं सहयोगको अपेक्षा राख्दछौं । धन्यवाद,



बिर बहादुर ऐर
प्रमुख प्रशासकिय अधिकृत
तथा
कैलारी गाउँकार्यपालिको
कार्यालय, परिवार

## कैलारी गाउँपालिकाको समान्य चिनारी

**भौतिक अवस्थिति :**

जिल्ला सदरमुकाम धनगढी देखी २७ किलोमिटर पूर्बमा अवस्थित रहेको कैलारी गाउँपालिकाको कार्यालय हसुलिया, कैलालीमा पर्दछ । कैलारी गाउँपालिका २८.७० उत्तरी अक्षांस

तथा २८.७६ पूर्वी देशान्तरमा अवस्थित रहेको छ । समुद्र सतह देखी १३५ मिटर उचाईमा रहेको यस गाउँपालिकामा उष्ण उपोषण, समशीतोषण हावापानी भएको पाइन्छ । यस गाउँपालिकाको उत्तरमा गौरीगंगा नगरपालिका, दक्षिणमा भारतको उत्तरप्रदेश रहेकोछ भने पश्चिममा धनगढी उ.मा.न.पा. तथा पुर्वमा घोडाघोडी र भजनी नगरपालिका पर्दछन । कैलारी गाउँपालिकाको शतप्रतिशत जमिन समथर छ । गाउँपालिकामा मोहना, लिक्मा कटैनी, घुराहा तथा घुरही नदी रहेका छन । गाउँपालिको कूल क्षेत्रफल मध्ये करीब ३०७४.१ हेक्टर भू-भाग बनक्षेत्रले ओगटेको पाइन्छ ।

**राजनीतिक अवस्थिति :**

राजनीतिक अवस्थितिका हिसाबले यो गाउँपालिका सुदूर पश्चिम प्रदेश,कैलाली जिल्लाको निर्वाचन क्षेत्र नं ३ र ५ मा पर्दछ । ९ वटा वडामा विभाजित, यस गाउँपालिकालाई कैलाली जिल्लाको सवै भन्दा बढी जनसंखया रहेको गाउँपालिकाका हो ।

**भू-उपयोग :**

कृषि मुख्य पेशा रहेको यस गाउँपालिकामा समथर, उब्जाउयुक्त, दोमट र बलौटे माटो गाउँपालिकाको अधिकांश भागमा पाइन्छ । गाउँपालिकाको करीब १५ किलोमिटर क्षेत्र ओगटेको मोहना नदी, करिब १० किलोमिटर क्षेत्र ओगटेको घुराहा नदी यसैगरी करिब २० किलोमिटर क्षेत्र ओगटेको लिक्मा कटैनी नदीले यस गाउँपालिकाको अधिकांस समथर भूमीलाई कटान गर्दै गईरहेको छ भने यहाँका कृषकहरुले वर्षेनी विभिन्न खालका कृषि उपजहरु हसुलिया, ध.उ.मा.न.पा, भारतको उत्तर प्रदेशमा रहेको चन्दनचौकी यसैगरी मसुरिया, गदरिया बजारमा आफ्ना कृषि उपजहरु बेचबिखन गरी कृषी पेशाबाट लाभ लिने गरेको पाइन्छ । धान, गहु, मकै, तरकारी तथा नगदेबाली, दलहन, तेलहन र माछाको लागि यो गाउँपालिकाको उर्वर रहेको छ । यस गाउँपालिका क्षेत्रको भूउपयोग सम्बन्धी विवरण देहय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|
| १. | कृषि क्षेत्र | 45=37 |
| २. | बन तथा चरण क्षेत्र | 38=80 |
| ३. | आवास क्षेत्र | 34=17 |
| ४. | नदीनालाले ओगटेको क्षेत्र | 42=78 |
| ५. | ताल तलैया | 29=98 |
| ६. | सिमसार क्षेत्र | 0 |
| ७. | औद्योगिक क्षेत्र | 4=57 |
| ८. | सडकले ओगटेको क्षेत्र | 32=40 |
| ९. | अन्य | 5=2 |
| | **जम्मा** | 233=27 |

*श्रोतः राष्ट्रिय जनगणना २०७८*

**२.५ भू-धरातल तथा भिरालोपना :**

गाउँपालिकाको सम्पुर्ण भू-धरातल समथर रहेको पाइन्छ । समुन्द्र सतहबाट न्युनतम १३५ मि देखि अधिकतम १७० मिटर उचाई सम्म भूँ-धरातल रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल २३३.२७ बर्ग किलोमिटर छ ।

**२.६ नदीनाला तथा तालतलैया :**

कैलारी गाउँपालिकाको प्रमुख नदिका रुपमा करिब १५ किलोमिटर लम्बाइ ओगटेको मोहना नदी, १० कि.मि. ओगटेको धुराहा, गुरही नदी र २० किलोमिटर क्षेत्रमा फैलिएको लिक्मा कटैनी

लगायत सुर्मी नाला, मुर्कुला नदी पर्दछन् भने ताल तलैयाका रुपमा भने लट्ठहुवा ताल, जम्नेठा ताल, भुस्कैया ताल, लौकही, कमलपोखरी, डुब्री ताल, प्रतापुर ताल, कोइलही ताल, कोइलहवा ताल, जोगिनिया ताल, कठरिनठुनीया ताल, नरदहुवा ताल सुखलिया ताल, चमरैया ताल, अम्लिहवा ताल, नैनी ताल, ठेङग्रहवा ताल, जोगिनिया ताल, भट्ठी ताल, हुरहवा ताल, सुनहरा ताल, गुलरहवा ताल, सडकपुर ताल, रखौनी ताल, अमहुवा ताल, सानो भगहर ताल, गोठुवा ताल, बसन्ता ताल, छटकपुर ताल आदी प्रमुख तालका रुपमा रहेको छन ।

**पर्यटकीय, साँस्कृतिक र मनोरम स्थलहरु :**

कैलारी गाउँपालिकाका पर्यटकिय तथा धार्मिक स्थलको प्रचार प्रसार नभएपनि याहाँका विभिन्न नदी तथा ताल तलैयाले यो गाउँपालिका निकै मनमोहक रहेको छ । सरकारी वनको रुपमा यो गाउँपालिकामा वरका वनवा (बसन्ता अन्तराष्ट्रि जैबिकमार्ग) रहेकोछ । यो वन कैलालीकै सवैभन्दा ठुलो वन वसन्ता वन क्षेत्र भित्र पर्दछ । त्यसैगरी यो गाउँपालिकामा विभिन्न सामुदायिक वन, मठ मन्दिर, धार्मिक स्थलहरु रहेका छन । कोईलही ताल, लट्ठवा ताल, जम्न्याहा ताल, भुस्कैया ताल, कमलपोखरी, लौकहिया ताल, घुराहा नदी, मोहना नदि, गुर्गी (कटैनी) नदीले थोरै मात्रामा आन्तरिक पर्यटकहरुलाई आकर्षित गर्ने काम गरेको पाईएकोछ । कालीमाई मन्दिर, माता मन्दिर, वनदेवी मन्दिर, वनस्पति मन्दिर, राधाकृण मन्दिर, जयदुर्गा मन्दिर, शिव मन्दिर, अपरम्पार मन्दिर, कोइलही मन्दिर, करमदेव मन्दिर, लक्कड बाबा मन्दिर, कालिकादेवी मन्दिर, देवथान, राम मन्दिर, भुईयाँभवानी मन्दिर, सरस्वती मन्दिर जस्ता विविध मन्दिरहरु लगायत बौद्ध गुम्बा, चर्च राधास्वामी ब्यास लगायत धार्मिक स्थलहरु यस गाउँपालकामा रहेका छन

कैलारी गाउँपालिका भित्र स-साना पार्क तथा वनभोज तथा मनोरञ्जन स्थलका रुपमा प्रत्येक वडाहरुमा रहेका छन् । यसैगरी, प्रत्येक वर्ष माघ महिनामा माघीको अवसरमा यस कैलारी गाउँपालिका को वनदेवी मन्दिर, अपरम्पार मन्दिरमा मेला लाग्ने गर्दछ । विवाहको लगन र विबाह गर्ने स्थलको रुपमा प्रचलित धार्मिक विश्वास रहेको यस मेलामा वन देवीमाताको पूजा गर्ने प्रचलन पनि रहेको छ । ब्राह्मण, क्षेत्री, थारु, मधेसी, दलित, मगर, गुरुङ, र राजवंशी जातीको बसोबास भएको यस कैलारी गाउँपालिकामा मुख्यतया दशै तिहार, माघी, गुरही, भजहर, लवागी,कृष्ण जन्माष्टमी, अतवारी, तीज, होली, बुद्धजयन्ती, ल्होसार आदी चाडपर्वहरु मनाइने गरिन्छन् ।

**उपलब्ध सेवा तथा सुविधा :**

कैलारी गाउँपालिकामा गाउँपालिकाको कार्यालय तथा समायोजन भएका बिषयगत शाखा, इलाका प्रहरी कार्यालय, सव डिभिजन वन कार्यालय, शसस्त्र प्रहरी गुल्म तथा बिओपी,हुलाक कार्यालय, सामुदायिक तथा संस्थागत विद्यायलय छन् । यसका साथै यहा विभिन्न सहकारी संस्थाहरु, सामुदायिक वन उपभोक्ता समितिहरु पनि कार्यरत रहेका पाईन्छन । गाउँपालिकामा विभिन्न गैरसरकारी संघसंस्थाहरु पनि सञ्चालनमा रहेको पाइन्छ । स्थानीय यातायातमा सहजताका लागि काठे र पक्की पूलहरु निर्माण गरिएका छन यस गाउँपालिकामा सडक सञ्जालका रुपमा केही स्थानमा कालोपत्रे, अधिकाँश ग्रावेल तथा कच्ची सडकहरु निर्माण भएका छन् जसले यस कैलारी गाउँपालिका लाई पूर्व पश्चिम हुलाकी राजमार्ग, फुलवारी, धनगढी, टिकापुर लगायतका विभिन्न ठाउहरुसंग जोड्ने काम गरेका छन् । गाउँपालिकाको अधिकाँश वडा तथा बस्तीमा विद्युत सेवाको उपलब्धता पुगेको । नेपाल टेलीकमको जिएसएम र सिडिएमए र एनसेलको मोबाइल सेवा उपलब्ध छ ।

**गाउँपालिकाको विकासका संभावनाहरु :**

समथर र उर्बर तराइको भूमि, सडक र संचारको पहुँचका कारण यस गाउँपालिका क्षेत्रको चौतर्फि विकासका संभावनाहरु रहेका छन् । विषय क्षेत्र अनुसार सम्भावनाहरुको विवरण देहाय बमोजिम रहेका छन ।

| क्र.सं. | विषय क्षेत्र | संभावना |
|---|---|---|
| १ | कृषि | उर्वरभूमि, विस्तारीत सिंचाइ सुविधा, सिंचाइको स्रोतको रुपमा भूमिगत जल तथा नदि रहनु, समथर भूभाग, कृषिमा व्यवसायिकरण, कृषि उपज बजारीकरणका लागि सडक र संचार सुविधाका कारण सहज पहुँच, सरकारी तथा गैर सरकारी क्षेत्रबाट सहयोग तथा प्रवर्द्धन, कृषिमा आधुनिकिकरण, औषधी, बिउ विजन, मल तथा परामर्शको सुविधा |
| २ | पर्यटन | थारु कला र संस्कृति, बसन्ता जैविक मार्ग, सामुदायिक वन क्षेत्र, मन्दिर तथा पिकनिक स्पटहरु, होम स्टे, ताल (कोईलही, लट्ठवा, काईलही,जम्न्याहा, भुस्कैया,कमलपोखरी,लौकहिया ताल), नदी (कटैनी, घुराहा, मोहना) |
| ३ | उद्योग | कृषिमा आधारित उद्योगका लागि कच्चा पदार्थको उपलब्धता, इँटा भट्टाको संचालन, मिलहरुको स्थापना, प्रवर्द्धन तथा सहुलियतको नीतिगत व्यवस्था, लघु,घरेलु तथा मझौला उद्योग |

**जनसंख्याको अवस्था :**

**वस्ती सम्बन्धी विवरण :**

कैलारी गाउँपालिका कुल ११३ टोल/वस्तीहरु रहेका छन । जसमध्ये सबैभन्दा बढी टोलहरु वडा नं ४ मा २१ रहेका छन् भने सबैभन्दा कम वडा नं २ मा छन् । यसको वडागत विवरण तपशिल बमोजिम रहेको छ ।

| वडा नं | वडा अनुसार वस्तीको नाम | वस्ती संख्या |
|---|---|---|
| 1 | दक्षिण टोल, नेताटोल, दिलखुसटोल, वासकोटीटोल, खैरीटोल, मझरा क,मझरा ख, मझरा ग,मझरा घ, मनाउ, शिवनगर, शिवनगर कटान, डम्मारा, हरिनगर, हसुलीया सेमरी, हसुलीया, हसुलीया वजार | १८ |
| 2 | कुकुरभुक्का, उत्तर मझरा, बसौटी, डोडपुर, उजेलीसेमर, लक्कड, रामपुर, कैलारी | ८ |
| 3 | वईका मुडा, सुर्मिनाला, दक्षिण भडरी, निसुवावोझि, मोहनपुर, लालपुर, खोनपुर, शिवरत्नपुर, भडरी, टि.सि एन टोल, ओमनगर | ११ |
| 4 | नवलपुर, भित्तरिया, सुन्दरपुर, धुमतिताल, शान्तीटोल, चौफेरीटोल, मोहन्यालटोल, दंगवाटोल, ईन्द्रटोल, मुडाटोल, कान्छाटोल, पुर्वखेतटोल, पश्चिमखेतटोल, अशिनाटोल, मनेरहटोल, आर्दशटोल, अमरटोल, बजिरहयाटोल, प्रगतिटोल, चौधरी खल्लाटोल, सम्झनाटोल | २१ |
| 5 | बडकी पलिया, बैजपुर, बंगालीपुर, बिसनपुर, छोटकी पलिया, गोबरैला, | १२ |

| | | |
|---|---|---|
| | जबदहवा, मनिकापुर, पवेरा, फलकापुर, सडकपुर, बन्दरगौडी | |
| 6 | खरवाखेरा, धर्मापुर, भगतपुर, खरेटी, मसुरिया, सुर्मी, लम्मीफाँटा, बनकट्टा, चुकाहापुर, बेनौली | १० |
| 7 | बरकाबसन्ता, छुटकीबसन्ता, भुँईयाफाँटा, रामपुर, मोहनपुर, टिघरी, रतनपुर, बिपतपुर,मिलनपुर, हौसलपुर, नारायणपुर | ११ |
| 8 | दक्षिण डेढी, लोहरपुर, प्रतापुर, पुर्ब टेढी, डम्मारी, दुधिया, पृथ्वीपुर, लौसा, भंगाहा, खैरी टोल, सुर्मी टोल, | ११ |
| 9 | पुर्सैनीपुर, डमारीटोल, उत्तरटोल, देवीगंज, गदरिया, जमनीपुर, कोइलही, सितलपुर, बनकन्द्री, सेमराना, सामरचौरा | ११ |
| | **जम्मा** | **११३** |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

**जनसंख्या वितरणको अवस्था :**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या ४९९१७ रहेको छ। कुल परिवार संख्या, जनसंख्याको
परिवारको औषत आकार सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ

| **बिबरण** | |
|---|---|
| जनसंख्या | ४९९१७ |
| परिवार संख्या | १०१७४ |
| परिवारको औसत आकार | ४.९१ |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

**वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण :**

वडाअनुसार घरधुरी र जनसंख्या हेर्दा सबैभन्दा उच्च वडा नं. ७ मा रहेको छ भने सबै भन्दा कम वडा नं. ३ मा रहेको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

| वडा नं. | घर परिवार संख्या | जनसँख्या | | | औषत परिवार सँख्या |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| 1 | 1212 | 6176 | 2956 | 3220 | 5=10 |
| 2 | 1013 | 5064 | 2400 | 2664 | 5=00 |
| 3 | 939 | 4426 | 2150 | 2276 | 4=71 |
| 4 | 1005 | 4919 | 2361 | 2558 | 4=89 |
| 5 | 1256 | 5631 | 2725 | 2906 | 4=48 |
| 6 | 1215 | 6071 | 2920 | 3151 | 5=00 |
| 7 | 1496 | 7234 | ८ 3535 | 3699 | 4=84 |
| 8 | 1041 | 5379 | 2610 | 2769 | 5=17 |
| 9 | 997 | 5017 | 2423 | 2594 | 5=03 |
| जम्मा | 10174 | 49917 | 24080 | 25837 | 4=91 |

*श्रोत: राष्ट्रिय जनगणना २०७८*

**साक्षरता**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जनसंख्या ४९९१७ रहेको छ । कैलारी गाउँपालिकाको कुल साक्षतरता दर ७२.४५ रहेकोमा महिलाको औषत साक्षरता दर ६५.५९ र पुरुषको औषत साक्षरता दर ७९.५५ रहेको छ

**भाषागत अवस्था :**

कैलारी गाउँपालिकामा अधिकाँश थारु समुदायको बसोवास रहे तापनि यस गाउँपालिकामा अन्य समुदायको समेत बसोवास रहेको छ ।कैलारी गाउँपालिकामा लगभग ८८ प्रतिशत नागरीकले स्थानीय थारु समुदायको बसोबास रहेको हुदाँ यस गाउँपालिकाका ८८ प्रतिशत नागरीकले थारु तथा राना थारु भाषाको प्रयोग गरेको पाईन्छ भने १२ प्रतिशत नागरीकले नेपाली, डोटेली, हिन्दी तथा अन्य भाषाको प्रयोग गर्ने गरेको राष्ट्रिय जनगणना २०७८ को तथ्याँकले देखाएकोछ ।

**सारांश :**

विकेन्द्रीकरणको अवधारणा अनुरुप कैलारी गाउँ विकास योजना समग्र विकासको महत्वपूर्ण अङ्गको रुपमा रहेको छ । गाउँपालिकाको सिमाना भित्रको आर्थिक, सामाजिक एवं प्राकृतिक साधनहरुको उपयुक्त परिचालन तथा व्यवस्थापन कार्य नै समग्र रुपमा गाउँ विकास योजना हो । यसरी तयार गरिने गाउँ विकास योजनाले योजना विकेन्द्रीकरणलाई वास्तविक एवं प्रमुख स्वरुप प्रदान गर्दछ । एकैपटक अनन्त आवश्यकताहरुको परिपूर्ति सीमित साधन स्रोतबाट असम्भव छ । अतः प्राथमिकताको आधारमा आवश्यकताहरुको क्रमशः परिपूर्ति गर्दै लैजान उपलब्ध सीमित साधन स्रोतहरुलाई व्यवस्थित ढङ्गबाट परिचालन गर्नुपर्ने हुन्छ । अपार प्राकृतिक स्रोत र विकासको प्रशस्त सम्भावना रहेको कैलारी गाउँपालिकाको विकास कार्यलाई अगाडि बढाउन आवश्यक पर्ने वजेट गाउँपालिकासँग विद्यमान नरहेको अवस्थामा अत्यावश्यक कार्यहरुलाई प्राथमिकताको आधारमा सम्पन्न गर्न आफूसँग उपलब्ध सीमित साधनहरुलाई त्यस अनुरुप नै व्यवस्थित गर्नुपर्ने हुन्छ ।

प्राथमिकताको आधारमा आगामी वर्षमा गर्नुपर्ने कार्यहरुका लागि यस गाउँपालिकाको मिति २०८०/०३/१७ गाउँ कैलारी गाउँपालिकाको आ.व.२०७९/२०८० को बर्षे (बजेट) सभा अधिवेशनबाट आर्थिक बर्ष २०८०/०८१ का लागि गाउँपालिका तर्फको कुल रु. ५९ करोड २९ लाख ७१ हजार तथा गैरसरकारी संघ संस्थाको कार्यक्रम रु. ५ करोड ३७ लाख ८८ हजार गरी कुल जम्मा रु ६४ करोड ६७ लाख ५९ हजारको अनुमानित आय व्यय प्रस्तावित गरेकोमा साँराश तपसिल अनुसार रहेकोछ ।

९

## गाउँपालिकाको आय तर्फ :

**आय तर्फ :**

❖ **संघीय सरकारबाट प्राप्त हुने :**

- बित्तिय समानिकरण अनुदानमा — रु. १३,६९,००,०००।-
- राजश्व बाँडफाडमा — रु. १२,२९,८३,०००।-
- शर्सत अनुदानमा — रु. २६,४४,००,०००।-
- समपुरक अनुदान — रु. ७५,००,०००।-

| | |
|---|---|
| • बिशेष अनुदान | रु. ५५,००,०००।- |
| **जम्मा** | **रु. ५३,७२,८३,०००।-** |

❖ **प्रदेश सरकारबाट प्राप्त हने :**

| | |
|---|---|
| • बित्तिय समानीकरण अनुदान | रु. १,२१,४४,०००।- |
| • सवारी साधन कर अनुदान(राजश्व बाँडफाड) | रु. ४५,४४,०००।- |
| • समपुरक अनुदान | रु. ८०,००,०००।– |
| • बिशेष अनुदान | रु. ३५,००,०००।– |
| **जम्मा** | **रु. २,८१,८८,०००।-** |

❖ **गाउँपालिका आन्तरीक आम्दानी**

| | |
|---|---|
| • गाउँपालिकाको आन्तरिक आय | रु. १,७५,००,०००।- |
| • आन्तरीक श्रोत अ.ल्या. | रु. १,००,००,०००।- |
| **जम्मा** | **रु. २,७५,००,०००।-** |
| ❖ **गा.पा.कुल जम्मा रु. आय** | **रु. ५९,२९,७१,०००।-** |
| ❖ **गैर सरकारी संघ संस्थाको कार्यक्रम** | **रु. ५,३७,८८,०००।-** |
| **कुल जम्मा** | **रु. ६४,६७,५९,०००।-** |

## गाउँपालिकाको व्यय तर्फ :

**विनियोजनतर्फ**

| | |
|---|---|
| १. **शर्सत कार्यक्रम** | **रु. २६,४४,००,०००।-** |
| **२. सपुरक अनुदान (सँघ)** | **रु. ७५,००,०००।-** |
| **३. बिशेष अनुदान (सँघ)** | **रु. ५५,००,०००।-** |
| **४. सपुरक अनुदान (प्रदेश)** | **रु. ८०,००,०००।-** |
| **५. बिशेष अनुदान (प्रदेश)** | **रु. ३५,००,०००।-** |
| **६. कार्यालय सँचालन/प्रशासनिक(चालु)** | **रु. ९,३७,२१,०००।-** |
| **७. समपुरक कोष** | **रु. ६,००,००,०००।-** |
| **८. भुक्तानी बाँकी** | **रु. १,००,००,०००।-** |
| **९. भूमी व्यवस्थापन (भूमी आयोग)** | **रु. ४९,५०,०००।-** |
| **१०. विस्तृत परियोजना प्रतिवेदन(DPR)** | **रु. २०,००,०००।-** |
| **११. अध्यक्ष कप रनिङ्ग प्रतियोगिता/खेलकुद कार्यक्रम** | **रु. ३२,००,०००।-** |
| **१२. क्षमता विकास तथा रोजगार कार्यक्रम** १० | **रु. १०,००,०००।-** |
| **१३. स्वास्थ्य विमाका लागि आर्थिक सहयोग** | **रु. ५,००,०००।-** |
| **१४. बिद्युतीय सुशासन तथा सुचना प्रविधि कार्यक्रम** | **रु. १०,००,०००।-** |
| **१५. अध्यक्ष रोजगार कार्यक्रम** | **रु. १०,००,०००।-** |
| **१६. उपाध्यक्ष समावेशी कार्यक्रम** | **रु. २०,००,०००।-** |
| **१७. वडागत बजेट सिलिग:**पुर्वाधार विकास, लक्षित वर्ग,प्रशासनिक वडाको (खाजा, ईन्धन,पत्रपत्रिका) | **रु. ५,९४,५०,०००।-** |
| १७.१ वडा नं. १ को | रु. ६५,५०,०००।- |

| | |
|---|---|
| १७.२ वडा नं. २ को | रु. ६५,५०,०००।- |
| १७.३ वडा नं. ३ को | रु. ६५,५०,०००।- |
| १७.४ वडा नं.४ को | रु. ६५,५०,०००।- |
| १७.५ वडा नं. ५ को | रु. ६५,५०,०००।- |
| १७.६ वडा नं. ६ को | रु. ६५,५०,०००।- |
| १७.७ वडा नं. ७ को | रु. ७०,५०,०००।- |
| १७.८ वडा नं. ८ को | रु. ६५,५०,०००।- |
| १७.९ वडा नं. ९ को | रु. ६५,५०,०००।- |
| **१८. आर्थिक विकास समिति** | **रु. १,००,००,०००।-** |
| १८.१. कृषि विकास कार्यक्रम | रु. ४५,००,०००।- |
| १८.२. पशु सेवा कार्यक्रम | रु. ५५,००,०००।- |
| **१९. सामाजिक विकास समिति** | **रु.४,००,००,०००।-** |
| १९.१ शिक्षामा (शैक्षिक विकास) | रु. २,२५,००,०००।- |
| १९.२. स्वास्थ्यमा | रु. १,०८,००,०००।- |
| १९.३. महिला बालबालिका तथा समाज कल्याणमा | रु. २७,००,०००।- |
| १९.४. खानेपानी सरसफाई तथा स्वच्छतामा | रु. २५,००,०००।- |
| १९.५. आयुर्वेद तथा वैकल्पिक चिकित्सामा | रु. १५,००,०००।- |
| **२०. वनवातावरण तथा विपद व्यवस्थापन** | **रु.५१,००,०००।-** |
| २०.१ विपद व्यवस्थापन कोष | रु.४०,००,०००।- |
| २०.२ वन सँरक्षण, बृक्षारोपण तथा वन्यजन्य कार्यक्रम | रु.११,००,०००।- |
| **२१. सुशासन तथा सँस्थागत विकास समिति** | **रु. १५,००,०००।-** |
| **२२. न्यायिक समिति** | **रु. १५,००,०००।-** |
| **२३. बिधेयक समिति** | **रु. १,५०,०००।-** |
| **२४. दलित लक्षित कार्यक्रम** | **रु. ३,००,०००।-** |
| **२५. क्यान्टिन (चमेना गृह निर्माण)** | **रु. १७,००,०००।-** |
| **२६. भैपरी खर्च** | **रु. ५०,००,०००।-** |
| **गाउँपालिकाको कुल विनियोजन** | **रु. ५९,२९,७१,०००।-** |
| **गैर सरकारी संघ संस्थाको कार्यक्रम** | **रु. ५,३७,८८,०००।-** |
| **कुल जम्मा** | **रु. ६४,६७,५९,०००।-** |

यस योजनामा गाउँपालिकाको समग्र वस्तुस्थिति झल्काउने प्रयास गरिनुको साथै विकास निर्माणसँग सम्बन्धित गतिविधिहरुलाई एकीकृत रुपमा प्रस्तुत गर्न प्रयास गरिएको छ । गाउँपालिकाले गर्ने क्रियाकलापहरुका साथसाथै गाउँपालिकामा संघीय तथा प्रदेश सरकार र गैरसरकारी संघ/संस्थाद्वारा गरिने प्रस्तावित कार्यक्रम तथा त्यसका लागि आवश्यक वजेट समेत उल्लेख गरिएको छ । संक्षिप्तमा नै भए पनि गाउँपालिकाको चिनारीदेखि गाउँपालिकाका सम्भावना, मुख्य मुख्य समस्या एवं चुनौतीहरु, गाउँपालिकाका विकास कार्यका लागि आगामी वर्षमा चालिने कदमहरु र त्यसका लागि आवश्यक बजेट आदि सम्पूर्ण चित्रण गर्ने प्रयास गर्नु नै यस गाउँपालिकाको बिकास योजनाको मुख्य विशेषता हो ।

आर्थिक बर्ष ०८०/०८१ को लागि गाउँसभा अधिबेशनद्वारा मुख्य रुपले कृषि, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधार निर्माणका साथसाथै वनजङ्गल विनाशको रोकथाम, मुक्त कमैयाको पुनर्स्थापना र गरिवी निवारणका कार्यक्रमहरुका साथै समावेशी विकास तथा दिगो रोजगारका

कार्यक्रमहरुलाई प्राथमिकता दिएको छ । विकेन्द्रीकरणको सिद्धान्त तथा सहभागितात्मक विकास कार्यक्रमको अवधारणा बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रकृयालाई संस्थागत गर्ने नीतिलाई अवलम्बन गर्ने प्रतिबद्धता प्रमुख राजनैतिक दलका प्रतिनिधिहरुलगायत, गैरसरकारी निकायका पदाधिकारीको सहमति र साझा प्रयासमा तयार पारिएको आवधिक गाउँ विकास योजनाले परिलक्षित गरेका उद्देश्य र कार्यक्रमहरुलाई समेट्ने प्रयास गर्नु यसको अर्को विशेषता हो ।

**सहभागितात्मक योजना तर्जुमा प्रक्रिया :**

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन,२०७४ तथा स्थानीय तहको बार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्न(परिमार्जित) २०७४ का साथै कैलारी गाउँपालिकाबाट जारी भएका ऐन, नियम, नियमावली तथा विनियमावली र कार्यबिधिले निर्दिष्ट गरेको सहभागीतामुलक विकास प्रकृयाको अवधारणा अनुसार आ.व. ०८०/०८१ को लागी बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा योजना तर्जुमाका ७ वटै चरणहरु पार गरी कैलारी गाउँपालिकाको गाउँसभा अधिबेशनले बार्षिक बजेट नीति तथा कार्यक्रमहरु तर्जुमा गरी पारित गरेको थियो । आ.व. ०८०/०८१ का लागि नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा मार्गनिर्देशन, दिगो विकास तथा रोजगारी अभिबृद्धिका साथै आन्तरिक आयको प्रक्षेपणलाई आधार मानी तर्जुमा गरिएको थियो ।

**बिषयगत समितिका बैठक :**

स्थानीय सरकार संचालन ऐन,२०७४ तथा स्थानीय तहको बार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्न (परिमार्जित) २०७४ मा व्यवस्था भएनुसार सहभागीतात्मक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुसार आ.व. ०८०/०८१ को लागी वार्षिक कार्यक्रम तर्जुमा गर्ने सर्न्दभमा विभिन्न मितिमा बिषयगत सरोकारवलाहरु सँग भएको छलफल अन्तरक्रियाका साथै विभिन्न मितिहरुमा समितिका बैठक बसी बिषयगत समितिमा भएका निर्णयहरु कार्यान्वयनका लागि योजना तर्जुमा समिति तथा कार्यपालिका मार्फत गाउँसभा अधिबेशनमा सिफारिस गरिएका थिए । बिषयगत समितिमा उठेका सवाल तथा भएका निर्णयहरुलाई योजना तर्जुमा समिति तथा कार्यपालिकाको बैंठकमा आवश्यक छलफल परिमार्जन गरी अध्यक्षको नीति कार्यलाई समेटने गरी तयार गरिएको थियो ।

# कैलारी गाउँपालिकाका अध्यक्ष ज्यूबाट प्रस्तुत २०८०/०८१ को नीति तथा कार्यक्रम

***बिकेन्द्रित, समावेशी तथा जनमुखी विकास र सुशासन हाम्रो प्रतिवद्धता ///***

***कैलारी रुपान्तरणका लागि समन्वय, सहकार्य तथा नागरीक सहभागिता ///***

**यस गरिमामय सभाका सभा अध्यक्षज्यू, तथा साभाका सदस्यज्यूहरु,**

१. सर्वप्रथम यस गरिमामय सभामा देशका विभिन्न कालखण्डमा भएका राजनितिक, सामाजिक अन्य आमूल परिर्वतनका लागि आफ्नो प्राण उर्त्सग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु ।

२. स्थानीय तहको निर्वाचन २०७९ निर्वाचन पश्चातको एक बर्षको समिक्षाले हामीलाई सिकाई प्रदान गर्नुका साथै आगामी दिशा निर्देशनका लागि अनुभवलाई संस्थागत गर्ने बर्षका रुपमा रहेको समेत जानकारी गराउन चाहन्छु

३. कैलारी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दा सर्वप्रथम आर्थिक बर्ष २०७९/०८० मा भएका केही महत्वपूर्ण क्रियाकलापका बारेमा यस सम्मानित सभामा अवगत गराउन चाहन्छु ।

- १५ सैयाको अस्पताल निर्माणाधिन
- कैलारी गाउँपालिका वडा नं. १ वडा कार्यालयको भवन निर्माणाधिन
- कैलारी २ बसौटी स्वास्थ्य चौकीको भवन निर्माणाधिन
- सडक स्तरोउन्नती, सडक ग्राभेलका साथै नयाँ सडकको निर्माण
- २ वटा झो.पुको निर्माण सम्पन्न
- कल्भर्ट निर्माण तथा ह्यूमपाईप जडान
- बिद्यालयका अधुरा भवनहरुको निर्माण तथा मर्मत
- कृषि विकास अर्न्तगत पेकेटका साथै अन्य कार्यक्रम सँचालन
- सामाजिक सुरक्षा भत्ता वडा स्तरबाटै वितरणको शुरुवात
- ऐन, नियम, निर्देशिका तथा कार्यबिधिको निर्माण
- रक्तसँचार केन्द्र (रेडक्रस) धनगढीसँगको सहकार्यमा कैलारीबासीलाई निःशुल्क रगतको उपलब्धता
- गम्भीर प्रकृतीका गर्भवती, सुतकेरीलाई निःशुल्क जिल्ला भरी एम्बुलेन्स सेवा
- विपतपुर आगलागी पिडितको पुर्नस्थापनार्थ समन्वय तथा सहकार्य
- भूमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँच शुरुवात
- गर्भवती सुत्केरी पोषण कार्यक्रम तथा जन्मदर्ता प्रोत्साहन कार्यक्रम
- देशमा देखा परेको आर्थिक मन्दिले कैलारी गा.पा.का नीति तथा कार्यक्रमहरु प्रभावित

४. कैलारी गाउँपालिकाको समग्र विकासका साथै जनगुनासाहरुको सम्बोधनका लागि गाउँपालिकामा उपलब्ध श्रोत साधनले परिपुर्ति गर्न सम्भव नहुने हुदाँ सोका लागि विभन्न निकायसँगको समन्वय तथा सहकार्यमा जोड दिनुका साथै सरोकारवाला सहितको सहमती र सहकार्यलाई अँगिकार गरिनेछ ।

५.कैलारी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको तयारी विगतमा भए/गरेका असल अभ्यासहरुलाई संस्थागत गर्दै, कमजोरीहरुलाई न्यूनीकरण गर्नुका साथै समावेशीताको सिद्धान्तका आधारमा पूर्णपारदर्शिरुपमा बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६. कैलारी गाउँपालिकाको साझा सवालहरुको सम्बोधन तथा समग्र कैलारी गाउँपालिकाको दिगो विकासका लागि गाउँपालिकामा क्रियाशिल राजनितिक दल, नागरीक समाज, बुद्धिजिवी, भलमन्सा लगायतका सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।

७. भूमिहिन सुकुम्बासी, भूमिहिन दलित तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणका राष्ट्रिय भूमिआयोग तथा अन्य सरोकारवालासँगको समन्वय गरिनेछ ।

८. कैलारी गाउँपालिकाका नागरिकको विकास प्रतिको तीव्र भावना र समृद्ध कैलारी गाउँपालिकाको आधार स्वरोजगार एवं पूर्वाधार र नागरीकलाई गुणस्तरीय सेवा प्रवाहका आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

९. समृद्ध कैलारी गाउँपालिकाको विकासका आधार, स्वरोजगार एवं पूर्वाधार र विकास प्रतिको आकाँक्षालाई पूरा गर्न शिक्षा, स्वास्थ्य, भौतिक विकास, मानव संसाधनको विकास तथा सामाजिक समावेशीकरणको सिद्धान्तलाई संस्थागत गर्न बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।

१०. कैलारी गाउँपालिकाका बाढीपिडितको स्थायी तथा दिर्घकालिन व्यवस्थापनका लागि नेपाल सरकार लगायतका सम्बन्धित निकायसँग समन्वय तथा सहकार्य गरिनेछ ।

११. रक्तसँचार केन्द्र (रेडक्रस) धनगढीसँगको सहकार्यमा कैलारीबासीलाई निःशुल्क रगतको उपलब्धता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. गाउँपालिकाको श्रोत तथा साधनले सम्पन्न गर्न नसकिने योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकारका निकायसँग समन्वय सहकार्य गरिन्छ ।

१३. मित्तव्ययीताको सिद्धान्तलाई सँस्थागत गर्दै समन्वय सहकार्यको अभिबृद्धि र दोहरोपना न्यूनीकरणका लागि विकास साझेदार सँग समन्वयात्मक रुपमा लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१४. गाउँपालिकाको सेवा प्रवाहलाई जनमुखी बनाउन सेवा केन्द्र स्थापना गरी पशु तथा कृषि सेवाका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**सभाका सभा अध्यक्षज्यू,**

अव म, यस सम्मानीत सभामा आर्थिक बर्ष २०८०/०८१ का बिषयगत क्षेत्रका नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

**१) पूर्वाधार विकासमा :**

**क) सडक :**

- कैलारी गाउँपालिका सडकहरुलाई पूर्ण ग्राभेल युक्त गरिनुका साथै सडकको स्तरोन्नती गरिनेछ ।
- सुर्मिनाला–लौसा–बढैपुर सडक कालोपत्रे तत्काल लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।
- कटैनी नदीमा पक्कीपुल निमार्णका लागि सँघीय सरकारसँग समन्वय गरिनेछ ।
- मोहनापारीका वस्तीहरुलाई लक्षित गरी झोलुगे पुलको निमार्णका आवश्यक पहल गरिनेछ ।
- सडक गुरु योजना अध्यावधिक गरीनुका साथै नाली निमार्णका कार्यक्रम कार्यान्वयन गरिनेछन । १४
- सडकको निमार्ण कार्यमा गुणस्तर कायम राख्न निमार्ण सामाग्रीको परिक्षण कार्यलाई लागु तथा संस्थागत गरिनेछ ।
- सडकको मर्मतका लागि मर्मत संम्भार कोषमा रकम विनियोजन गरी नियमित रुपमा सडकको मर्मत सम्भार गर्ने नीतिको अवलम्वन गरिनेछ ।
- पूर्वाधारका संरचनाहरु विपद एवं जलवायु परिवर्तनको प्रभाव कम हुने गरी डिजाइन गर्ने नीतिको अवलम्बन गरिनेछ ।

- योजनाहरुको छनौट, प्राथमिकिकरण सामाजिक न्याय तथा समावेशीताका आधार योजना प्राथमिकता दिने प्रकृयालाई निरन्तरता दिईनेछ ।
- पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गर्दा रोजगारी अभिबृद्धि तथा स्वरोजगार श्रृजना हुने कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- झो.पु. तथा कैलारी गाउँपालिकाको स्वामित्वमा रहेका भवनहरुको नियमित मर्मत सम्भार गरिनेछ ।
- समग्र कैलारी गाउँपालिकाको विकासका लागि गुरु योजनाको निमार्ण तथा आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ
- नदी नियन्त्रणका लागि सवै नदीहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।
- कोईलही ताल पर्यटकीय क्षेत्रलाई धनगढी उ.मा.न.पा. सँग जोडन घुराहा र घुरही नदीमा मोटेरवल पुल निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल तथा समन्वय गरिनेछ ।

**<u>ख) बिद्युत तथा वैकल्पिक उर्जा :</u>**

- बिद्युत सेवाको खपतलाई न्यूनतम गर्न तथा गृहणीहरुका लागि वैकल्पिक उर्जा तथा सुधारिएको चुल्होका कार्यक्रमहरु संचालन गरिनेछन ।
- बिद्युत सेवाको प्रभावकारी उपयोगका लागि ईन्डक्सन चुल्हो वितरणका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- उज्यालो कैलारी गाउँपालिका अर्न्तगत कैलारीका मुख्य बजारमा सडक बत्ती जडानका लागि समन्वय गरिनेछ ।

**<u>ग) भवन :</u>**

- गाउँपालिकाको प्रशासनिक भवन, बिद्यालयका भवन तथा स्वास्थ्य सँस्थाहरुका भवन निमार्णका आवश्यक समन्वय तथा सहकार्य गरिनेछ ।
- अधुरा तथा क्रमागत रुपमा निमार्ण गर्न बाँकी रहेका भवनहरुको निमार्ण गरिनेछ ।
- भवन लगायत भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री (पहुँच युक्त) र भू-कम्प प्रतिरोधात्मक तरिकाले निर्माण गर्ने नीतिको अवलम्बलन गरिनेछ ।
- गाउँपालिका भित्र गाउँघर क्लिनिक तथा सामुदायिक भवनहरुको निमार्ण कार्यलाई प्राथमिकता दिने तथा बहुउद्धेशीय अवधारणा अनुरुप सामुदायिक भवनको निमार्ण कार्य गरिनेछ ।
- भवनहरुको निमार्ण गर्दा भवन संहिता लागु गरिनेछ ।
- सामुदायिक तथा सुरक्षित भवनको निमार्ण कार्यलाई प्रभावकारीताका साथै कार्यान्वयन गरिनेछ ।

**२) आर्थिक विकासमा :**

**क) कृषि विकासमा :**

- कृषि विकासका लागि दिर्घकालिन, मध्यकालिन, अल्पकालिन तथा क्षेत्रगत योजनाको निमार्ण, कृषिमा यान्त्रीकिरण, सौर्य सिचाई तथा कृषि मिटरको व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- मूल तथा उन्नत बिउ उत्पादन र वितरण, जैविक तथा रसायानिक मलको सहज उपलब्धताका लागि समन्वय गरिनेछ ।
- गुर्गी बाँधको निमार्णका लागि बिशेष पहल गरिनुका साथै सिचाई सुबिधाको विस्तारका लागि डिप बोरिङ्ग जडान गरिने छन ।
- कृषि उपजको बजारीकरणका लागि कृषिउपज सँकलन केन्द्र तथा हाटबजार सँचालनका समन्वय गरिनेछ ।
- बाली विमा कार्यक्रम सँचालनका लागि आवश्यक समन्वय तथा सहकार्य गरी प्रभावकारीताका साथ लागु गरिनेछ
- कृषिको उत्पादकत्व अभिबृद्धिका लागि माटो परिक्षण तथा माटोको उर्वराशक्ति कायम राख्नका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- जैविक तटबन्धनको रुपमा उखु खेती तथा बाँस खेतीको विस्तार तथा बगरखेती जस्ता कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिनेछ ।
- जैविक खेती प्रणालीको प्रोत्साहन, तथा कम्पोष्ट मलको उत्पादनमा प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछन ।
- कृषि उत्पादनमा अभिबृद्धि गर्न एक वडा एक उत्पादन पकेट क्षेत्र कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- कृषकका मागमा कृषिमा आधारित लघु उद्यम कार्यक्रम संचालन गर्ने नीति अनुरुपका बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- मौसमी तथा बेमौसमी खेतीको प्रवर्द्धन र टनेल खेती गर्न कृषकलाई सौर्य सिचाईको व्यवस्था गरिनेछ ।
- कृषि प्राबिधिक तथा कृषकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।
- कृषि विकास तथा पशु सेवा विकासका अनुदान कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ
- कृषि विकासका कार्यक्रम सँचालनका लागि विभिन्न विकास साझेदारसँग समन्वय गरिनेछ ।

### (ख) पशु पंक्षी तथा मत्स्य विकास :

- पशुपालनलाई व्यवसायीकरण गर्न पशुपालन पकेट क्षेत्र कार्यक्रम, पशु नस्ल सुधार कार्यक्रम तथा पशु पंक्षि विकास  कार्यक्रम लागु गर्न कार्यक्रम तर्जुमा गरिनेछ ।
- कृतिम गर्भाधारण कार्यक्रम, पशुविमा कार्यक्रमका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । १६
- माछापालनलाई व्यवसायीकरण गरी अधिकतम उत्पादन तथा बजारीकरण नीतिका अवलम्बन गरिनेछ ।
- पशु विमाका कार्यक्रम सँचालन गर्नका लागि समन्वय तथा सहकार्य गरिनेछ ।
- कृषकहरुलाई सुलभ रुपमा सेवा प्रदान गर्नका लागि वडा स्तरमा सेवा केन्द्रको स्थापना गरिनेछ ।

- छाडा पशुचौपाया नियन्त्रण र व्यवस्थापन तथा गोठ सुधारका कार्यक्रमहरु संचालन गरिनेछन ।
- बंगुर, हाँस, कुखुरा तथा बाखा विकासका लागि आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- पशु खोप तथा पशु स्वास्थ्यका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरिनेछन ।
- विपन्न तथा सिमान्तकृत घरपरिवारलाई लक्षित गरी पशुपालन सम्बन्धि अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ

**(ग) सहकारीता तथा उद्यम विकास** :

- सहकारीको क्षमता विकासका कार्यक्रम सँचालन गर्नुका साथै सहकारीसँगको समन्वय तथा सहकार्यमा कृषि विकासका कार्यक्रम सँचालन गरिनेछन ।
- सहकारीता क्षेत्रको विकास, विस्तार ,प्रवर्द्धन र प्रोत्साहनमा जोड दिने कार्यक्रमहरु संचालन गरिने छ ।
- उद्योग स्थापनाका लागि दिर्घकालिन योजना निमार्ण गरी उद्योगमैत्री वातावरणको श्रृजना सम्भाव्यता अध्ययन तथा सहकार्यमा कार्यक्रम संचालन गरिने छन ।
- सहकारीताका माध्यमबाट लघु तथा उद्यम श्रृजनाका कार्यक्रमहरु संचालन गरिनेछन ।
- सहकारीका कार्यलाई जनमैत्री बनाउनका लागि आवश्यक बिधि तथा नीतिको निर्माण गरिनेछ ।
- उद्यम विकास मार्फत स्थानीय सीप, प्रविधि तथा श्रोतको पहिचान, परिचालन तथा प्रवर्द्धनका साथै आयमूलक कार्यक्रम सँचालन गरिने छन ।
- स्थानीय कैलारीबाँसीलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउनका लागि स्थानीय श्रोत साधनमा आधारित उद्यम विकासका कार्यक्रमहरु सँचालन गरिने छन ।

**(घ) आयआर्जन तथा सीप विकास :**

- आयआर्जनका कार्यक्रमहरुको कार्यान्वयनका लागि स्थानीय श्रोत, साधन र सीपको अभिलेखीकरण गरिनेछ ।
- स्थानीय श्रोत, सीप प्रविधिको सँरक्षण, सम्वर्द्धन तथा प्रयोग गरी आयआर्जनका कार्यक्रम सँचालन गरिनेछन ।
- विपन्न, सिमान्तकृत तथा अल्पसँख्यकलाई लक्षित गरी आयआर्जनका कार्यक्रम सँचालन गरिनेछन ।
- लक्षित वर्गका आयआर्जन तथा स्वरोजगारीका लागि क्षमता विकास तथा रोजगारीका कार्यक्रमहरु संचालन गरिनेछन ।
- विभिन्न सरकारी, गैह्र सरकारी,निजी क्षेत्रको समन्वयमा सीप विकास तथा आयआर्जनका कार्यक्रम संचालन प्रकृयालाई अझै समन्वयात्मक गरिनेछ ।
- आयआर्जन तथा सीप विकासका कार्यक्रमलाई नतिजामुखी बनाईनेछ र सोका लागि विभिन्न विकास साझेदारसँगको सहकार्यमा प्याँकेजमा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**(ङ) युवा परिचालन तथा स्वरोजगार कार्यक्रम :**

- युवाहरुलाई स्वरोजगार बनाउनका लागि युवा लक्षित कार्यक्रमको तर्जुमा गरिनेछ ।
- स्थानीय विकास निमार्णका कार्यहरुमा युवालाई परिचालन गरिनेछ ।
- युवाहरुको क्षमता, तथा व्यक्तित्व विकासका साथै लोक सेवा प्रशिक्षणका कक्षा संचालन गरिनेछन ।
- प्रधामन्त्री स्वरोजगार कार्यक्रमलाई बेरोजागर युवा लक्षित गरी संचालन गरिनेछ ।
- युवाहरुका लागि उद्यमी तथा विकास कार्यक्रमहरु संचालन गरिनेछन ।
- युवा लक्षित सीप तथा दक्षता विकासका कार्यक्रम सँचालन गरिनेछ ।

**(च) पर्यटन विकास :**

- कैलारी गाउँपालिका पर्यटकीय क्षेत्रको परिचय सहितको पर्यटन पाश्वचित्र निमार्ण गरिनेछ ।
- पर्यटन गुरुयोजनाको निमार्ण गरी पर्यटन प्रवर्द्धन तथा पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।
- प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, धार्मिक सम्पदाहरुको उचित संरक्षण सम्बर्धनका कार्यक्रम संचालन गरिनेछन ।
- ताल तलैयाको एकिकृत अभिलेख एवं होमस्टेको प्रवर्द्धनका लागि बिशेष कार्यक्रम संचालन गरिनेछन ।
- स्थानीय समुदयको कला संस्कृतीहरुको संरक्षण, सम्वर्द्धनका कार्यक्रम संचालन गरिनेछन ।
- स्थानीय परम्परा तथा संस्कृतीको संरक्षण तथा प्रवर्द्धनका लागि संग्राहलयको स्थापनाका लागि समन्वय गरिनेछ ।
- पर्यटन विकास तथा प्रवर्द्धनका लागि सम्भावनाहरुको पहिचान  र आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।

**३)सामाजिक विकासमा :**

**क)लैगिंक समानता तथा सामाजिक सामावेशीकरण :**

- पूर्ण विभेदमुक्त कार्यक्रमका मार्फत : समाजमा भएका असल प्रयासहरुलाई संस्थागत गर्ने तथा विसंगती तथा विकृती (छाउपडी, बोक्सी, जातीय छुवाछुत, लैगिंक विभेद, लागु औषधको प्रयोग जस्ता) को अन्त्यका लागि संचेतनाका कार्यक्रम  प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- अपाङ्गता लगायतका सामाजिक तथा आर्थिक रुपमा पछाडि रहेका ब्यक्तिहरुको लागी लक्षित गरी उद्यमशिलता तथा स्वरोजगारका कार्यक्रमहरु संचालन गर्न जोड दिइनेछ ।
- अनाथ, असाहय तथा सँरक्षण विहिन बालबालिकाका लागि बिशेष कार्यक्रम समन्वयात्मक रुपमा सँचालन गरिनेछ
- बाल विकास तथा बाल सहभागिता अभिबृद्धिका लागि बिशेष कार्यक्रम सँचालन गरिनेछ ।
- यौनिक अल्पसंख्यक तथा अन्य अल्पसंख्यक समुदायको उत्थान, क्षमता विकास तथा शसक्तिकरणका लागि आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- गाउँपालिकाले शहिद परिवारहरुको सम्मानका बिशेष कार्यक्रम कार्यान्वयन गरिनेछ ।

- लैंगिक तथा घरेलु हिसाँ पिडितहरुका लागि सुरक्षित आवास गृह (सेफ हाउस) निमार्ण तथा संस्थागत रुपमा संचालनका लागि समन्वय तथा सहकार्य गरिनेछ ।
- लैंगिक हिँसा पिडित कोष स्थपाना तथा संस्थागत गर्नुका साथै कोषको संचालन तथा व्यवस्थापनका लागि सरोकारवाला सँग समन्वय तथा सहकार्य गरिनेछ ।
- सामाजिक समावेशीकरणका कार्यक्रम प्राथमिकताका आधारमा पारदर्शि रुपमा सँचालन गरिनेछन ।
- बालबालिकाको सर्वेत्तम हितलाई सँस्थागत गर्ने नीतिको अवलम्बलन गरिनेछ ।
- बालमैत्री स्थानीय शासन अवधारणालाई सँस्थागत गर्न विभिन्न निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- जनमैत्री सेवा प्रवाहका लागि गाउँपालिका तथा वडा कार्यालयहरुमा स्तनपान कक्ष निर्माण गरिनेछ ।

**<u>ख) शिक्षा :</u>**

- शैक्षिक विकास तथा गुणस्तरी शिक्षाका लागि कैलारी गाउँपालिकामा बहुमुखी क्याम्पसको स्थापना गर्न पहल गरिनेछ ।
- बिद्यालहरुमा गुणस्तरीय शिक्षाका लागि पुस्तकाय तथा प्रयोगशालाको व्यवस्थापन गरिनेछ ।
- बिद्यालय भर्नादर शतप्रतिशत तथा बिद्यालय छोडने दर सुन्यमा झार्न हेप्पी स्कूलको अवधारणा कार्यान्वयन गरिनेछ ।
- स्थानीय मातृभाषाको पाठ्क्रमलाई सवै कक्षा सम्मका लागि तयार गरी लागु गरिनेछ ।
- शिक्षालाई स्वरोजगारमुखी बनाउन कैलारी गाउँपालिकामा प्राबिधिक तथा व्यवसायिक शिक्षाका कार्यक्रम सँचनलन गरिनेछन ।
- सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धिका लागि शिक्षकको क्षमता विकास कार्यक्रम संचालन गरिनेछन ।
- बिद्यालय व्यवस्थापन समितिको बैठकलाई उपलब्धि र नतिजामूलक बनाउनका बिद्यालय व्यवस्थापन समितिको क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।
- विद्यालयहरुमा हुने शिक्षण गतिविधिको अनुगमन, निरीक्षण र मूल्याङ्कन नियमित र प्रभावकारी बनाउनका लागि अनुगमन संसयन्त्रको निमार्ण गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- विद्यालयहरुको कार्य सम्पादनको आधारमा१मूल्याङ्कन गरी पुरस्कृत गरिनेछ ।
- शिक्षकहरुलाई पेशागत काममा बढी केन्द्रित हुनका लागि अभिप्रेरित हुने खालका कार्यक्रमहरु तर्जुमा गरिनेछन ।
- बालमैत्री सिकाईलाई संस्थागत गर्न आवश्यक कार्यक्रमको कार्यान्वयन गर्ने नीतिलाई अंगिकार गरिनेछ ।
- शैक्षिक गुणस्तरमा सुधारका लागि उत्तकृष्ट बिद्यार्थी, शिक्षक तथा बिद्यालयलाई प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

- गाउँपालिकाले संस्थागत बिद्यालयलाई समेत सामुदायिक बिद्यालय जस्तै अपनत्वको व्यहार गर्ने तथा संस्थागत विद्यालयका बिद्यार्थीहरुलाई समेत उत्प्रेरणा अभिबृद्धिका कार्यक्रम संचालन गर्नेछ ।
- बिद्यालय व्यवस्थापन समिति लगायतका समितिहरुमा बालबालिकाहरुलाई लक्षित गरी छलफलका कार्यक्रमहरु संचालन गरी शैक्षिक गुणस्तरको अभिबृद्धि गरिनेछ ।
- बाल विकास सहजकर्ता र कर्मचारीका साथै निजी श्रोतका शिक्षकहरुको उचित सम्मान गर्दै शिक्षकहरुको व्यवस्थापनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमालाई निरन्तरता दिईनेछ ।
- बिद्यालयमा दिवा खाजा कार्यक्रमलाई गुणस्तरीय बनाउनका लागि विभिन्न निकायसँगको समन्वयमा किचेन निर्माण कार्य सँचालन गरिनेछ ।

**ग) स्वास्थ्य** :

- कैलारी गाउँपालिकामा १५ सैयाको अस्पताल निमार्ण आ.व. २०८०/०८१ भित्र सम्पन्न गरिनेछ ।
- प्रस्तुती गृहहरुको स्तरोउन्नती गरिनुका साथै प्रजनन स्वास्थ्यका कार्यक्रम प्रभावकारी रुपमा सँचालन गरिनेछन ।
- स्वास्थ्य सेवामा गुणस्तरियता कायम गर्न प्राविधिक जनशक्तिको क्षमता विकासका साथै स्वास्थ्य संस्थाहरुको स्तरोन्नतीका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने तथा स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरीय बनाईनेछ ।
- अति गरीव परिवारहरुलाई स्वास्थ्य सेवा बीमा गर्ने कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनका लागि नीति, बजेट, कार्यक्रमको तर्जुमाका साथै सम्बन्धित सरोकारवालासँग समन्वय तथा सहकार्य गरिनेछ ।
- महिला स्वास्थ्य स्वमसेवकहरुको मनोवल उच्च हुने खालका प्रोत्साहनमूलक कार्यक्रमहरु संचालन गरिनेछन ।
- विपन्न तथा सिकलसेलका विरामीहरुको औषधी उपचारका लागि गाउँपालिकामा औषधी उपचार कोषको व्यवस्था गरीनुका साथै जनचेतना अभिबृद्धिका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- दिर्घ रोगका बिरामीहरुको औषधी उपचारका लागि आवश्यक नीति, बजेट तर्जुमा तथा जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न तथा सिमान्तकृत समुदायका लागि स्वास्थ्य हितलाई ध्यानमा राखी शुद्ध खानेपानी कार्यक्रमको तर्जुमा गरिनेछ ।



- महामारी तथा दैबिक प्रकोपबाट पिडितहरुको उपचार तथा राहतका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरी राहत तथा पुर्नस्थापना कोषको स्थापना गरी कार्यक्रम संचालन गरिनेछन ।
- लागु औषध तथा दुर्व्यसनमा रहेका वर्गको पुर्नस्थापना तथा मनोसामाजिक परामर्शका लागि परामर्श केन्द्र तथा परामर्श कर्ताको व्यवस्थापनका लागि बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।

- आयुर्वेद, पंचकर्म सेवा तथा आयुर्वेद चिकित्साको प्रचार प्रसार तथा जडीबुटी खेती प्रवर्द्धन तथा प्रसोधन, योग शिविर कार्यक्रम सँचालन गरिनेछ ।
- गाउँपालिकाकाले परिलक्षित गरेको अवधारणा अनुरुप पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाई युक्त बनाउनका लागि सार्वजनिक तथा पर्यटकीय क्षेत्रहरुमा सार्वजनिक सौचालयको व्यवस्थापन गरिनेछ ।
- स्वच्छ पानी स्वस्थ्य जिन्दगानीको अबधारणालाई संस्थागत गर्नका लागि कैलारी गाउँपालिकाका सवै क्षेत्रमा स्वस्थ्य स्वच्छ पानीको व्यवस्थापन र पानी जाँचका कार्यक्रमको तर्जुमा गरिनेछ ।
- मानसिक रोगीहरुको सम्मान तथा स्वास्थ्यमा सुधार ल्याउनका लागि बिबिध कार्यक्रमहरु तर्जुमा गर्ने तथा मानसिक रोगको न्यूनीकरणका लागि परामर्श सेवा केन्द्रको स्थापना गरिनेछ ।
- जिरो होम डेलीभरी तथा पूर्ण बृद्धि अनुगमनका लागि आवश्यक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- बिद्यालय स्तरमा योग शिक्षाका कार्यक्रम संचालन गर्ने तथा जडीबुटी सम्बन्धि हाते पुस्तिकाको प्रकाशन गरी आयुर्वेद पद्धतीका प्रचार प्रसार गरिनेछ ।
- महामारी, सरुवा रोग तथा विभिन्न किसिमका रोग तथा प्रकोपको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- निमार्ण भएका खानेपानीका योजनाहरु सँचालन गर्नुका साथै सवैलाई शुद्ध खानेपानीका लागि आवश्यक समन्वय गरिनेछ ।
- ल्याब सेवा सँचालन नभएका वडाहरुमा ल्याव सेवा विस्तार गरिनेछ ।
- विपन्न तथा सीमान्तकृत समुदायका लागि सँचालित स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**घ)<u>सामाजिक परिचालन</u>** :

- स्थानीय विकासका कार्यमा भलमन्सा, विभिन्न क्लव, समुह तथा नागरिक समाजलाई परिचालन गरिनेछ ।
- स्थानीय स्तरमा गठन भएका समुह, सञ्जाल तथा क्लवहरुको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछन ।
- स्वयंसेवी भावना, अपनत्व, सहअस्तित्व, सहिष्णुता तथा समाजिक सदभाव अभिबृद्धिका कार्यक्रहरु संचालन गर्न बजेट , तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- विभिन्न सामाजिक अभियान तथा सामाजिक सदभाव कायम गर्ने कार्यक्रमका साथै बिकृती, कुप्रर्था तथा कुसस्कार न्यूनीकरणका लागि समाजिक अगुवा, धामी, गुरुवा तथा पण्डित पुरोहितको सहभागिता अभिबृद्धि हुने खालका कार्यक्रम संचालनका लागि बजेट, तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- विकास प्रकृयामा सवैको जागरुकता तथा संगठित रुपमा सहयोग गर्ने परिपाटीको विकासका लागि आवश्यक कार्यक्रमको तर्जुमा गरिनेछ ।

- स्थानीय समुदायमा अधिकार प्रति सचेत र कर्तव्य प्रति जागरुक हुने खालका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

**ङ) युवा तथा खेलकुद :**

- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका व्यक्तित्व निमार्णका बिशेष कार्यक्रम सँचालन गरिनेछन ।
- युवाहरुलाई लक्षित गरी व्यक्तित्व तथा क्षमता विकासका कार्यक्रम सँचालन गरिनेछन ।
- युवाहरुको शारिरीक तथा मानसिक विकासका लागि युवा लक्षित परामर्शका कार्यक्रम गरिनेछ ।
- एक वडा एक खेलमैदान स्तरोउन्नतीका कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवाहरुको शारिरिक क्षमता विकासका लागि विभिन्न खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछन ।

**४) वनवातावरण तथा विपद व्यवस्थापनमा :**

**क) वन विकास तर्फ :**

- वन तथा वन्यजन्य पशुपक्षी संरक्षणका कार्यक्रमहरु सँचालन गरिनेछन ।
- वन अतिक्रमण र वन विनाश नियन्त्रण गर्न बिशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- तालहरुको उचित संरक्षण, सर्म्बद्धन तथा व्यवस्थापनका लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- वनलाई आयमुखी बनाउनका लागि वन क्षेत्रभित्र हर्रो, बर्रो, अमला, निम जस्ता बहुउपयोगी वनस्पतिहरुको बृक्षा रोपण गर्नुका साथै स्थानीय उपभोक्ताहरुसँगको सहकार्यमा बेत, बाँस, बावियो जस्ता उच्चमूल्य श्रृखला भएका वन्यजन्य उत्पादनका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
- बृक्षारोपणका कार्यक्रहरु संचालन गर्दा माटो परिक्षण गरी उपयुक्त जातको बृक्षारोपण गर्ने कार्यक्रमको तर्जुमा गरिनेछ ।
- रोपिएका बोटविरुवाको संरक्षणका लागि आवश्यक बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- गाउँपालिकामा रहेका तालतलैयाहरुबाट आय अभिबृद्धिका लागि सम्बन्धित सरोकारवालासँग समन्वय गरिनेछ ।

**ख) पर्यटन विकासमा :** २२

- गाउँपालिकामा रहेको बसन्ता अन्तराष्ट्रिय जैविक मार्ग लगायतका अन्य क्षेत्रहरुको प्रवर्द्धन तथा संरक्षणका लागि बिशेष कार्यक्रम सँचालन गरिनेछन ।
- ताल तलैयाको एकिकृत अभिलेखीकरण, ताल क्षेत्रमा पर्यटकीय गतिबिधिका कार्यक्रमहरुलाई प्रवर्द्धन गर्नका लागि बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- तालतलैयाहरुको संरक्षण सम्बर्द्धनका लागि तालतलैयाहरुको DPR निमार्ण गरी तालतलैयाहरुलाई पर्यटनमुखी बनाइनेछ ।

**ग) उर्जा वातावरण तथा जलवायु परिवर्तन :**

- कैलारी गाउँपालिकाको स्थानीय अनुकुलन योजना तयार गरी योजनाको कार्यान्वयनका लागि कार्यक्रम तर्जुमा गरिनेछ ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका कार्यक्रमहरु संचालनका लागि जनचेतना अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछन ।
- विकास कार्यक्रम संचालन गर्दा वातावरण संरक्षण क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरु बीच समन्वय गरी एकद्धार प्रणालीबाट विपद् व्यवस्थापन कार्यक्रम संचालन गर्न जोड दिइनेछ ।
- वातावरण संरक्षण तथा जलवायु परिवर्तनले पार्ने प्रभाव तथा असरहरुका बारेमा जनचेतना अभिबृद्धि तथा अनुकुलनका कार्यक्रमहरु प्रभावकारीताका साथ संचालन गरिनेछन ।
- वातावरण सरसफाई तथा गृहणीको स्वास्थ्यमा सुधारका लागि सुधारिएको चुल्हो बाँयोग्यास तथा रसायन ग्याँसको व्यवस्था गरिनेछन ।

**<u>घ) बिपद जोखीम न्यूनीकरण तथा वातावरण संरक्षण :</u>**

- आगलागीको नियन्त्रण तथा रोकथामका लागि अन्य स्थानीय तहसँगको समन्वयमा बारुणयन्त्र(दमकल)सँचालन गरिनेछ ।
- विपदबाट प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउनका लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ ।
- बिपद जोखीमको न्यूनीकरणका लागि खोज तथा उद्धारकर्ता र प्रतिकार्य दलको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नुका साथै विपद व्यवस्थापन कोषको व्यवस्थापनमा कोषको बृद्धिका कार्यक्रमहरु गरिनेछ ।
- बिपद जोखीम न्यूनीकरणका गर्न आवश्यक श्रोत तथा साधनको व्यवस्थापनका लागि बिभिन्न निकायसँग समन्वय गरिनुका साथै संचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपद जोखीम न्यूनीकरणका लागि प्रत्येक वडामा विपद प्रतिकार्यदलको गठनका लागि कार्यक्रमको तर्जुमा गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।
- बिपद जोखीममा तत्काल राहतका लागि समयमै खाद्य तथा गैह्रखाद्य सामाग्रीको व्यवस्थापन, सुरक्षित आश्रय स्थलको लागि आवश्यक बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ ।
- विपद जोखीम न्यूनीकरणका लागि समयमै सूचना प्रवाह गर्ने पूर्व सूचना कर्ता (गेज रिडर) हरुको आत्मबल अभिबृद्धिका लागि प्रोत्साहनका कार्यक्रमहरु संचालन गरिनेछन ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा :** २३

**<u>क) सुशासन तथा पारदर्शिता</u>** :

- गाउँपालिकाबाट सम्पादन भएका कार्यहरुको विवरण सूचना सवैका जानकारीका लागि उपलब्ध गराईनेछ ।
- पारदर्शिता शुसासनलाई सँस्थागत गर्नका लागि सञ्चार माध्यम तथा तेस्रो पक्ष मूल्याँकन गराईनेछ ।
- सार्वजनिक सुनुवाई, समिक्षा तथा सामाजिक परिक्षण प्रभाव अध्ययनलाई थप प्रभावकारी बनाईनेछ ।

- मिडिया परिचालन/प्रेस रिलिज/प्रेस मिट तथा जनतासँग जनप्रतिनिधि कार्यक्रम संचालन गरिनेछ ।

**ख) क्षमता विकास :**

- कैलारी गाउँपालिकाको मानव सँसाधन विकास योजना निमार्ण गरिनेछ ।
- समय सापेक्ष रुपमा पदाधिकारी तथा कर्मचारीको कार्य दक्षता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय स्तरका नागरिक समाजका प्रतिनिधिहरुको क्षमता विकासका लागि बजेट तथा कार्यक्रमको तर्जुमा गरिनेछ
- न्यायिक समितिका पदाधिकारी, सामुदायिक मेलमिलापकर्ता भलमन्सा तथा बडघरहरुको क्षमता विकासका  कार्यक्रम संचालन गरिनेछ ।
- प्रभावकारी रुपमा योजनाको कार्यान्वयनका लागि उपभोक्ता समितिका पदाधिकारीलाई अनुशिक्षणका कार्यक्रम सँचालन गरिनेछन ।
- पदाधिकारी तथा कर्मचारीहरुको उत्प्रेरणा अभिबृद्धिका लागि अध्ययन/अवलोकन तथा कार्यसम्पादनका आधारमा प्रोत्साहन गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाह प्रकृयालाई सहज, दुस्तचुस्त बनाउनका लागि विभिन्न सफ्टवेयरको प्रयोग गरिनुका साथै बिद्युत सुशासन प्रणालीलाई सँस्थागत गरिनेछ ।

**ग) संस्थागत विकास :**

- गाउँपालिकाको सेवा प्रवाहलाई जनमैत्री बनाउनका लागि बिद्युतीय प्रणालीहरुको प्रयोग गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई दुस्तचुस्त बनाउनका लागि आवश्यक उपकरण तथा औजारहरुको व्यवस्थापन गरिनेछ ।
- Project Bank तयार गरी Project Bank मा भएका योजनाहरुको सम्भाव्यता अध्ययन, सर्वे गरी सालवसाली कोषको व्यवस्था गरी  श्रोतले कार्यान्वयन गर्न नसकिने ठूला योजनाहरुको कार्यान्वयनका लागि सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।
- सार्वजनिक खरीद प्रकृयालाई व्यवस्थित गर्न खरिद गुरु योजना निमार्ण गरी खरिद ईकाइ र खरीद सचिवालयको गठन गरी खरीद प्रकृयालाई व्यवस्थित र मितव्ययी बनाईने छ ।
- सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता कार्यलाई व्यवस्थित तथा संस्थागत गरिनेछ ।
- योजनावद्ध विकास प्रकृयालाई संस्थागद्ध गर्नका लागि बिषयगत योजनाहरुको तर्जुमा गरिनेछ ।
- गाउँपालिकाको विकास प्रकृयालाई प्रभावकारी , दिगो तथा व्यवस्थित बनाउनका लागि गाउँपालिकाको श्रोत नक्साँकन गरीनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई जनमैत्री तथा पहुँचयुक्त बनाउनका लागि सँस्थागत सुधारका कार्यक्रम कार्यान्वयन गरिनेछन ।
- वडा कार्यालय, बिद्यालय तथा स्वास्थ्य सँस्थाहरुको सेवालाई सहज तथा जनमैत्री बनाउनका लागि सँस्थागत सुधार तथा पूर्वाधारको विकास गरिनेछ।

## घ) गै.स.स. सहजीकरण तथा नियमन :

- गै.स.स.हरुका कार्यक्रमहरु सहजिकरण र नियमन गर्दै प्रभावकारी बनाउनका लागी गैसस डेक्सको स्थापना गरिनेछ ।
- राष्ट्रिय,अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुलाई गाउँपालिकाको वार्षिक योजना प्रणालीमा समेट्दै त्यस्ता गै.स.स.हरुको कार्यक्रम र बजेटको पारदर्शीता कायम गर्न जोड दिइनुका साथै गै.स.स.सँग समन्वयात्मक कार्यक्रम संचालन गरिनेछ ।
- गैर सरकारी सँघ/सँस्थासँगको समन्वय तथा सहकार्यमा सामाजिक रुपान्तरणका साथै अन्य कार्यक्रमहरु कार्यान्वयन गरिनेछन ।
- कैलारी गाउँपालिकामा क्रियाशिल गैर सरकारी सँघ/सँस्थाहरुसँग नियमित समन्वयात्मक बैठक बसी कार्यक्रमको तर्जुमा गरिनेछन ।
- समान प्रकृतिका कार्य सँचालन गर्ने गै.स.स.सँग समन्वयात्मक रुपमा कार्यक्रम सँचालन गरिनेछ ।

## ङ) बजेट तथा राजश्व परिचालन :

- तालतलैयाहरुको ठेक्का व्यवस्थापन तथा असुली प्रकृयालाई व्यवस्थित र पारदर्शिताका साथ लागु गर्नका लागि कार्यदाल/ सहजिकरण समितिको गठन गरिनेछ ।
- कैलारी गाउँपालिकामा रहेका तालतलैयाहरुको अभिलेखीकरण, EIA (वातावरणीय प्रभाव मूल्यांकन) गरिनुका साथै तालतलैयाको उचित व्यवस्थापन तथा आयमुखी बनाउनका लागि सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।
- कैलारी गाउँपालिकाका नागरीकहरुको आम्दानीको बिश्लेषण गर्दै करका दर तथा दायरामा पुर्नावलोकन गरिनेछ ।
- गाउँपालिकाले लगाएका ठेक्काहरुको व्यवस्थापन गरिनुका साथै आन्तरीक आयको अभिबृद्धिका लागि कार्यदलको गठन गरिनेछ ।
- गाउँपालिकाको आन्तरीक आयको अभिबृद्धिका साथै वित्तिय व्यवस्थापनका लागि राजश्व सुधार योजना निमार्ण तथा कार्यान्वयन गरिनेछ ।
- स्थानीय राजश्व परामर्श समितिको सिफारिस अनुसार आन्तरिक आयका श्रोतहरुको पहिचान गर्नुका साथै आन्तरिक आयका थप दायरा तथा दर निर्धारण गरिने छ ।
- पेश्की सुन्य नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा सामाजिक न्यायको अवधारणा अनुसार गरिने नीतिलाई अगिकार गरिनेछ ।
- कर शिक्षालाई प्रभावकारी रुपमा लागु गर्नका लागि कर संचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ ।
- आन्तरीक आयको अभिबृद्धि तथा संकलन र पेश्की बेरुजुको फर्छ्यौटका लागि व्यवस्थित राजश्व शाखाको स्थापना तथा कार्यदलको गठन गरिनेछ ।
- गाउँपालिकाको आन्तरीक आयको अभिबृद्धिका साथै समन्वयात्मक रुपमा कार्यक्रम सचालनका लागि सामुदायिक वन तथा अन्य सरोकारवालासँग समन्वय, सहकार्य गरिनेछ ।

**यस गरिमाय सभाका सभा अध्यक्ष एंव सदस्यज्यूहरु**

अन्त्यमा,यो नीति, तथा कार्यक्रम तर्जुमा प्रक्रियामा सक्रिय सहभागी भै योगदान पुर्याउने यस गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभाका सदस्यहरु,गाउँपालिकामा क्रियाशिल राजनितिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु प्रमुख प्रशासकिय अधिकृत लगायत कर्मचारी मित्रहरु तथा सरोकारवालाहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यबाद दिन चाहन्छु । कैलारी गाउँपालिकाको समग्र विकासका लागि नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय योजना आयोग, विकास साझेदार तथा सम्पूर्ण कैलारीबाँसी नागरिक, राजनितिक दल, नागरिक समाज,बुद्धिजिवी, प्रबुद्धवर्गबाट सदैव रचनात्मक सहयोग, सदभाव,समन्वय तथा पृष्ठपोषणको आशा र अपेक्षा गर्दै विदा हुन चाहन्छु ।

(राज समझ चौधरी)
अध्यक्ष,
कैलारी गा.पा

## कैलारी गाउँपालिकाका उपाध्यक्ष ज्यूबाट प्रस्ततुत २०८०/०८१ को बजेट तथा कार्यक्रम

**यस गरिमामय सभा अध्यक्षज्यू, तथा सभाका सदस्यज्यूहरु**

१.सर्वप्रथम आजको यस गरिमामय सभामा नेपालको प्रजातान्त्रिक, लोकतान्त्रिक/गणतान्त्रिक एंवम अन्य सामाजिक आन्दोलनहरुमा आफ्नो अमुल्य जीवनको आहुती गर्ने श्रद्धेय ज्ञात अज्ञात अमर शहिदहरु प्रति हार्दिक श्रद्धान्जली एवं श्रद्धासुमन अपर्ण गर्न चाहन्छु ।

२.कैलारी गाउँपालिकाका विकासका आयम तथा गाउँपालिकामा उपलब्ध हुने श्रोत साधनको अनुमानका साथै गाउँपालिकाका अध्यक्षज्यूबाट यस सम्मानीत सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको अनुरोध गर्दछु ।

३.कैलारी गाउँपालिकाको बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा गाउँपालिकाका सम्भावना तथा चुनौतीहरुको बिश्लेषण गरी समग्र कैलारी गाउँपालिकाको दिगो विकास, रोजगारी अभिबृद्धि तथा सामाजिक रुपान्तरणका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गरी प्राप्त बजेट सिलिङ्ग र आन्तरीक आयको आँकलनका आधारमा कार्यक्रम तथा कार्यक्रमको तर्जुमा गरिएको ब्यहोरा यस सभामा अनुरोध गर्दछु ।

४.कैलारी गाउँपालिकाको आ.व. २०८०/०८१ को बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा कैलारी गाउँपालिकामा आ.व. २०७९/२०८० का लागि बजेट सिलिङ्ग तथा यर्थाथमा प्राप्त बजेट तथा कार्यक्रमलाई समेत अध्ययन गर्ही सोका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा गरिएको समेत जानकारी गराउन चाहन्छु ।

५.कैलारी गाउँपालिका प्रादेशिक राजधानी धनगढी तथा छिमेकी राष्ट्र सँग सीमाना जोडिएको यस गाउँपालिकामा आर्थिक, भौतिक, सामाजिक, प्राकृतिक तथा मानवीय विकासका अनन्त सम्भावना रहेका छन । बसन्ता अन्तराष्ट्रिय जैविक मार्ग, कोईलही लगायतका प्रसस्त ताल तलैया, कृषि योग्य उर्वर भूमि र सामाजिक तथा जैविक बिबिधता सहितको बिशिष्ठ पहिचान भएता पनि, सिचाई सुबिधाको कमी, मल तथा विउ विजनको सहज रुपमा उपलब्ध नहुनु, भूमिहिनको उचित व्यवस्थापन जस्ता प्रमुख सवालहरु रहेको यस

गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा सवालहरुको सम्बोधन गर्ने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिएको सहर्ष जानकारी गराउन चाहन्छु ।

६.लोकतन्त्रको आधारभुत र बलियो संरचना मानिने, स्थानीय तहले जनकेन्द्रित विकास प्रकृयालाई संस्थागत गर्न यस गाउँपालिकाबाट आवश्यक नीति तथा विधिहरुको निमार्ण, कार्यक्रम तथा बजेटको तर्जुमा तथा कार्यान्वयन, विभिन्न निकायहरुसँगको समन्वय तथा सहकार्यमा विकास क्रियाकलापहरु संचालन गरिएको यस सम्मानीत सभामा अवगत गराउन चाहन्छु । यद्यपी आवश्यक पूर्वाधार तथा मानवीय संसाधनको कमी, साथै आवश्यक ऐन, नियम, निर्देशिका, कार्यबिधि, नीतिहरुको निमार्ण सगसगै निमार्ण भएका नीति नियमको कार्यान्वयन, उपलब्ध श्रोत र साधनको उच्चतम तथा न्याय सगत विनियोजन, जनपरिचालन, आयोजनाको छनौट/कार्यान्वयन/अनुगमन एवं मूल्याँकन, सामाजिक समावेशीकरणलाई संस्थागत, गरैसरकारी संघ संस्थाहरुको सहजिकरण र नियमन, संघीय तथा प्रादेशिक सरकारसँग अर्थपूर्ण साझेदारी, समन्वय र सहकार्य तथा वकालतका क्षेत्रमा साकारात्मक सहकार्यको थालनी भए पनि गाउँपालिकाका सवै क्षेत्र तथा वर्गका मागको सम्बोधन तथा निराकरणका लागि आवश्यक श्रोत साधनको उपलब्धता प्रयाप्त मात्रामा नहुँदा जनचाहना अनुरुप विकास कार्यहरु संचालन गर्न श्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गर्नु पर्ने यर्थाथ यस सभामा अनुरोध गर्दै कैलारी गाउँपालिकाको यस सम्मानीत सभा अधिबेशनमा आर्थिक बर्ष २०८०/०८१ को बजेट, तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्ष तथा गौरवान्वित भएको व्यक्त गर्न चाहन्छु ।

**आदरणीय सभाका सभा सदस्य ज्यूहरु ,**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा, ५५, ५६, ५७, ५८, ५९, ६०, ६१, ६२ तथा ६३ ले गरेको प्राबधान तथा स्थानीय तहको बार्षिक बजेट तथा योजना तर्जुमा दिग्र्दशन,२०७४, मा भएको प्राबधान अनुसार स्थानीय तहहरुले आफ्नो क्षेत्रभित्र राजश्वका क्षेत्रहरुको पहिचान, दायरा तथा दर निर्धारण गरी स्थानीय तहमा आम्दानीका श्रोतहरुको प्रक्षेपण गरी बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था अनुरुप कैलारी गाउँपालिकामा समेत स्थानीय तहको राजश्व परामर्श समितिले सरोकारवालासँग विभिन्न चरणमा छलफल अन्तरक्रिया गरी गाउँपालिका भित्रका विकास निमार्णका कार्यहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा दिगो विकासका आयाम तथा क्षेत्रलाई संस्थागत गर्दै लैजान आगामी आर्थिक बर्षका लागि कैलारी गाउँपालिकाको राजश्वका दायरा, सिमा, दर निर्धारण गरी गाउँ सभामा पेश गर्नका लागि यो वजेट तथा कार्यक्रम तयार गएिको छ ।

**राजश्वको मौजुदा अवस्थाको विश्लेषण** २७

कैलारी गाउँपालिकाको राजश्वको मौजुदा अवस्थाको बिश्लेषण गर्दा, यस गाउँपालिकामा मुख्य आन्तरीक आयको श्रोतका रुपमा मालपोत रहेको छ । गाउँपालिकाको राजश्वको दिगो अभिबृद्धिका लागि राजश्व सुधार योजनाको निमार्ण भैसेकोमा सोको कार्यान्वयन प्रभावकारी रुपमा गर्नु पर्ने देखिन्छ । कैलारी गाउँपालिकाको आन्तरीक श्रोत व्यवस्थापनका प्रसस्त सम्भावना रहेता पनि स्थानीय राजश्व परामर्श समितिबाट निर्धारण गरेका राजश्वका नयाँ क्षेत्र, दायरा तथा दरहरुको आधारमा कर संकलन प्रकृया समेत

प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको जानकारी समेत यस सम्मानित सभामा अनुरोध गर्न चाहन्छु । स्थानीय सरकारको अवधारणा अनुरुप गाउँपालिकामा विकासका गतिबिधिहरुलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि राजश्वका दिगो श्रोतहरुको पहिचान तथा परिचालन गरी आन्तरिक आय अभिबृद्धि गर्नु पर्ने कुरा समेत जानकारी गराउन चाहन्छु ।

कैलारी गाउँपालिकाको आन्तरीक आयको दिगो व्यवस्थापनका लागि गाउँपालिकाबाट ठेक्का व्यवस्थापन गरिएका क्षेत्रहरुबाट सँकलन गर्नु पर्ने बाँकी बक्यौदा रकमको असुलीका लागि प्रभावकारी सयन्त्र तथा अधिकार सम्पन्न कार्यदलको निर्माण तथा परिचालन गर्नु पर्ने देखिन्छ । गाउँपालिकाको राजश्वको अभिबृद्धिका लागि गाउँपालिकाबाट बहाल विटौरी कर, बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा लागु गर्नुका साथै सामुदायिक वन तथा निजिक्षेत्रसँगको समन्वय तथा सहकार्यलाई कार्यमूलक बनाउनु पर्ने देखिन्छ ।

**सभा अध्यक्ष महोदय,**

अव म यस सम्मानीत सभामा कैलारी गाउँपालिकाका कर नीतिहरु प्रस्तुत गर्न चाहन्छु ।

**राजश्व नीतिहरु :**

स्थानीय तहको राजश्व परामर्श समितिले यस कैलारी गाउँपालिकाको राजश्व अभिबृद्धि तथा परिचालन गर्नका लागि करका दायरा तथा श्रोतहरुको थप पहिचान गर्दै गाउँपालिकामा थप राजश्वका श्रोतहरुलाई संस्थागत गर्दै राजश्व संकलन तथा परिचालनलाई व्यवस्थित तथा प्रभावकारी बनाई दिगो तथा संस्थागत रुपमा विकासका गतिबिधिहरुलाई संचालन गर्न तपशिल बमोजिमका श्रोत अभिबृद्धि तथा राजश्व संकलनका नीतिहरु अंगिकार गरीएका छन ।

- मालपोतका दर तथा दायरा निर्धारण गर्दा कृषि उत्पादकत्व, उत्पादन लागतका साथै उत्पादित वस्तुको बजार मूल्य आदीलाई आधार मानिएको ।
- आन्तरीक आयको अभिबृद्धिका लागि करका दर तथा दायराहरुमा समयानुकुल पुर्नावलोकन गरिएको ।
- आन्तरिक आयको अभिबृद्धि तथा बित्तिय शुसासन कायम गर्नका लागि कार्यदलको गठन गर्नु पर्ने ।
- सवैभन्दा बढी राजश्व बुझाउनेलाई सभामा सम्मानीत गरिने नीतिको अवलम्बन गरिनेछ ।
- गाउँपालिकामा संघीय तथा प्रादेशिक सरकारबाट बजेट तथा कार्यक्रमको उपलब्धताका लागि आवश्यक पहल गरिनुका साथै समन्वयात्मक रुपमा संचालन गरिने नीतिको अवलम्बन गरिनेछ ।
- आन्तरिक आयको अभिबृद्धिका लागि कर सचेतना कार्यक्रमहरु संचालन गरिनेछन ।
- आन्तरीक आयको अभिबृद्धिका लागि सूरोकारवालाहरु बिच अन्तरक्रिया तथा छलफल कार्यक्रम संचालन गरिनेछन
- समपुरक कोषका योजनाहरु संचालन गर्नका लागि गाउँपालिकामा समपुरक कोषको स्थापना गरिनेछ ।
- आन्तरीक आयको अभिबृद्धिका लागि गाउँपालिकाले सामुदायिक वन, उपभोक्ता तथा स्थानीय नागरीक समाजसँगको समन्वयमा ताल तलैयाहरुको आयलाई गाउँपालिकाको स्वामित्वमा ल्याईनेछ ।

- कैलारी गाउँपालिकाको आन्तरीक आयको अभिबृद्धिका साथै आन्तरीक आयका दायराहरुको पहिचान गर्नका लागि गाउँपालिकाको श्रोत नक्साँकन गर्नुका साथै तालहरुको ठेक्का व्यवस्थापन प्रकृयालाई व्यवस्थित तथा बैज्ञानिक बनाउनका लागि तालहरुको EIA गरिनेछ ।
- कैलारी गाउँपालिकाको आन्तरीक आयको अभिबृद्धिका साथै गत विगतमा ठेक्का व्यवस्थापन गरिएका तालतलैया लगायत अन्य आन्तरीक आयको संकलन, श्रोतको पहिचान तथा प्रवर्द्धन लागी राजश्व सुधार कार्य योजनाको  कार्यान्वयन गरिनेछ ।
- बजेट कार्यान्वयन तथा खर्च व्यवस्थापनलाई पारदर्शि बनाउनका लागि शुन्य सहनशिलताको नीति अँगिकार गरिनेछ

**करका आधारहरु**

कैलारी गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिले राजश्वका श्रोत, दायरा तथा दरको निर्धारण गर्दा तपशिल बमोजिमका आधारहरु लिईएकोछ ।

- स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था
- मालपोत कार्यालयको मालपोतका दर
- नजिकका छिमेकी स्थानीय तहहरुले राजश्व संकलन गर्न निर्धारण गरेका करका दायरा, क्षेत्रहरु
- स्थानीय बाँसिन्दाहरुको राजश्व बुझाउन सक्ने क्षमता
- कृषि भुमिको उतपादकत्व तथा व्यापार व्यवसायको अवस्था
- सवारी साधन तथा कृषि औजारको उपलब्धता
- सरकारी तथा सार्वजनिक सम्पत्तिको उपलब्धता
- सरोकारवालाहरुसंगको छलफल अन्तरक्रिया
- गाउँपालिकाको विकास प्रकृया तथा विकासमा अनुदान तथा साझेदारी
- गत विगतमा संकलन भएको आन्तरिक आयको अवस्था
- व्यापार व्यवसाय तथा शहरीकरणको अवस्था
- विकासका आयाम तथा वित्तिय व्यवस्थापनको अवस्था
- गाउँपालिकामा स्थापना भएको उद्योग तथा कलकारखानाको अवस्था
- भविश्यमा सँचालन/स्थापना हुन सक्ने व्यापार व्यवसायको आँकलन

**सभाका सभा अध्यक्ष महोदय,**

अव म यस सम्मानित सभामा आगामी आर्थिक बर्ष २०८०/०८१ को अनुमानित आय पेश गर्दछु ।

**आय तर्फ :**

२९

❖ **संघीय सरकारबाट प्राप्त हुने :**

| | |
|---|---|
| ● बित्तिय समानिकरण अनुदानमा | रु. १३,६९,००,०००।- |
| ● राजश्व बाँडफाडमा | रु. १२,२९,८३,०००।- |
| ● शर्सत अनुदानमा | रु. २६,४४,००,०००।- |
| ● समपुरक अनुदान | रु. ७५,००,०००।- |
| ● बिशेष अनुदान | रु. ५५,००,०००।- |

| | |
|---|---|
| **जम्मा** | **रु. ५३,७२,८३,०००।-** |
| ❖ **प्रदेश सरकारबाट प्राप्त हने :** | |
| ● बित्तिय समानीकरण अनुदान | रु. १,२१,४४,०००।- |
| ● सवारी साधन कर अनुदान(राजश्व बाँडफाड) | रु. ४५,४४,०००।- |
| ● समपुरक अनुदान | रु. ८०,००,०००।– |
| ● बिशेष अनुदान | रु. ३५,००,०००।– |
| **जम्मा** | **रु. २,८१,८८,०००।-** |
| ❖ **गाउँपालिका आन्तरीक आम्दानी** | |
| ● गाउँपालिकाको आन्तरिक आय | रु. १,७५,००,०००।- |
| ● आन्तरीक श्रोत अ.ल्या. | रु. १,००,००,०००।– |
| **जम्मा** | **रु. २,७५,००,०००।** |
| ❖ **गा.पा.कुल जम्मा रु. आय** | **रु. ५९,२९,७१,०००।-** |
| ❖ **गैर सरकारी संघ संस्थाको कार्यक्रम** | **रु. ५,३७,८८,०००।-** |
| **कुल जम्मा** | **रु. ६४,६७,५९,०००।-** |

**सभाका सभा अध्यक्ष ज्यू,**

अव म यस सम्मानित सभामा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले उपलब्ध गराएको बजेट सीमा तथा अध्यक्षज्यूको नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने गरी बिषयगत समितिमा भएको छलफलका तथा सुझावका साथै बजेट तथा योजना तर्जुमा समितिको बैंठमा आवश्यक संसोधन परिमार्जन गाउँकार्यपालिकामा भएको निर्णयका आधारमा आगामी आर्थिक बर्ष २०८०/०८१ का लागि क्षेत्रगत रुपमा बजेट तथा कार्यक्रम यस सभामा समक्ष पेश गर्दछु ।

**<u>विनियोजनतर्फ</u>**

| | |
|---|---|
| १. **शर्सत कार्यक्रम** | **रु. २६,४४,००,०००।-** |
| **२. सपुरक अनुदान** | **रु. ७५,००,०००।-** |
| **३. बिशेष अनुदान (सँघ)** | **रु. ५५,००,०००।-** |
| **४.समपुरक अनुदान (प्रदेश)** | **रु. ८०,००,०००।–** |
| **५.बिशेष अनुदान (प्रदेश)** | **रु. ३५,००,०००।–** |
| **६. कार्यालय सँचालन/प्रशासनिक(चालु)** | **रु. ९,३७,२१,०००।-** |
| **७. समपुरक कोष** | **रु. ६,००,००,०००।-** |
| **८. भुक्तानी बाँकी** | **रु. १,००,००,०००।-** |
| **९. भूमी व्यवस्थापन (भूमी आयोग)** | **रु. ४९,५०,०००।-** |
| **१०. विस्तृत परियोजना प्रतिवेदन(DPR)** | **रु. २०,००,०००।-** |
| **११. अध्यक्ष कप रनिङ्ग प्रतियोगिता/खेलकुद कार्यक्रम** | **रु. ३२,००,०००।-** |
| **१२. क्षमता विकास तथा रोजगार कार्यक्रम** | **रु. १०,००,०००।-** |
| **१३. स्वास्थ्य विमाका लागि आर्थिक सहयोग** | **रु. ५,००,०००।-** |
| **१४. बिद्युतीय सुशासन तथा सुचना प्रविधि कार्यक्रम** | **रु. १०,००,०००।-** |
| **१५. अध्यक्ष रोजगार कार्यक्रम** | **रु. १०,००,०००।-** |
| **१६. उपाध्यक्ष समावेशी कार्यक्रम** | **रु. २०,००,०००।-** |

३०

**१७. <u>वडागत बजेट सिलिग:</u>**पूर्वाधार विकास,
लक्षित वर्ग,प्रशासनिक वडाको (खाजा, ईन्धन,पत्रपत्रिका) **रु.५,९४,५०,०००।-**

| | |
|---|---|
| १७.१ वडा नं. १ को | रु. ६५,५०,०००।- |
| १७.२ वडा नं. २ को | रु. ६५,५०,०००।- |
| १७.३ वडा नं. ३ को | रु. ६५,५०,०००।- |
| १७.४ वडा नं.४ को | रु. ६५,५०,०००।- |
| १७.५ वडा नं. ५ को | रु. ६५,५०,०००।- |
| १७.६ वडा नं. ६ को | रु. ६५,५०,०००।- |
| १७.७ वडा नं. ७ को | रु. ७०,५०,०००।- |
| १७.८ वडा नं. ८ को | रु. ६५,५०,०००।- |
| १७.९ वडा नं. ९ को | रु. ६५,५०,०००।- |
| **१८. आर्थिक विकास समिति** | **रु.१,००,००,०००।-** |
| १८.१. कृषि विकास कार्यक्रम | रु. ४५,००,०००।- |
| १८.२. पशु सेवा कार्यक्रम | रु. ५५,००,०००।- |
| **१९. सामाजिक विकास समिति** | **रु.४,००,००,०००।-** |
| १९.१ शिक्षामा (शैक्षिक विकास) | रु. २,२५,००,०००।- |
| १९.२. स्वास्थ्यमा | रु. १,०८,००,०००।- |
| १९.३. महिला बालबालिका तथा समाज कल्याणमा | रु. २७,००,०००।- |
| १९.४. खानेपानी सरसफाई तथा स्वच्छतामा | रु. २५,००,०००।- |
| १९.५. आयुर्वेद तथा वैकल्पिक चिकित्सामा | रु. १५,००,०००।- |
| **२०. वनवातावरण तथा विपद व्यवस्थापन** | **रु.५१,००,०००।-** |
| २०.१ विपद व्यवस्थापन कोष | रु.४०,००,०००।- |
| २०.२ वन सँरक्षण, बृक्षारोपण तथा वन्यजन्य कार्यक्रम | रु.११,००,०००।- |
| **२१. सुशासन तथा सँस्थागत विकास समिति** | **रु. १५,००,०००।-** |
| **२२. न्यायिक समिति** | **रु. १५,००,०००।-** |
| **२३. बिद्येयक समिति** | **रु. १,५०,०००।-** |
| **२४. दलित लक्षित कार्यक्रम** | **रु. ३,००,०००।-** |
| **२५. क्यान्टिन (चमेना गृह निर्माण)** | **रु. १७,००,०००।-** |
| **२६. भैपरी खर्च** | **रु. ५०,००,०००।-** |
| **गाउँपालिकाको कुल विनियोजन** | **रु. ५९,२९,७१,०००।-** |
| **गैर सरकारी संघ संस्थाको कार्यक्रम** | **रु. ५,३७,८८,०००।-** |
| **कुल जम्मा** | **रु. ६४,६७,५९,०००।-** |

## निष्कर्ष तथा सुझावहरुः

३१

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) मा भएको प्राबधान अनुसार स्थानीय तहहरुले आफ्नो क्षेत्र भित्रको राजश्वका श्रोतहरुको पहिचान करका दायरा तथा दर निर्धारण गरी गाउँ सभामा पेश गर्नु पर्ने व्यवस्था अनुसार यस गरिमामय सभामा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय राजश्व परामर्श समितिले प्रक्षेपण गरेको आय तथा श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमाका आधारमा योजना तर्जुमा प्रकृयाका सात वटै चरणका प्रकृयाहरुलाई पालना गर्दै आर्थिक बर्ष २०८०/०८१ का लागि

बजेट तथा कार्यक्रम तर्जुमा गरि पेश गरिएकोछ । गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विभिन्न सरोकारवालाहरुसँगको छलफल अन्तरक्रियाका साथै विज्ञहरुसंग समन्वय र स्थानीय राजश्व परामर्श समितिको बैठकमा भएको छलफल तथा यर्थाथका आधारमा तयार गर्ने प्रयास गरिएकोमा गाउँपालिकाको आन्तरीक आयको अभिबृद्धिका साथै प्राप्त श्रोत साधनहरुको न्यायोचित प्रयोगका लागि यस सम्मानीत सभामा तपशिल बमोजिमका सुझाव तथा निष्कर्ष समेत पेश गर्न चाहन्छु ।

- आर्थिक अनुशासनको परिपालना तथा आर्थिक मित्तव्ययितालाई प्रभावकारी रुपमा लागु गर्ने
- आन्तरीक आयको अभिबृद्धिका लागि गाउँपालिकाको राजश्व शाखालाई प्रभावकारी बनाई जनशक्तिको व्यवस्थापन गर्नु पर्ने ।
- आम जनसमुदायको हितलाई सर्वोपरि राखी मालपोत कार्यालयले निर्धारण गरेको दररेट तथा गाउँपालिकाको बस्तु स्थितीका आधारमा करका दर निर्धारण गरिनु पर्ने ।
- गाउँपालिकाको क्षेत्र भित्र भएका सार्वजनिक तथा ऐलानी/पर्ती जग्गाको लगत सकलन गरी सोलाई समेत करको दायरामा ल्याउन बहाल बिटौरी कर लाई प्रभावकारी रुपमा लागु गर्ने
- गाउँपालिकाकाले निर्धारण गरेका कर श्रोत, दायरा, दरलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लागि कार्यदलको गठन तथा परिचालन गर्नु पर्ने ।
- आन्तरीक आयको अभिबृद्धिका लागि करका नयाँ श्रोत तथा दायराहरुको पहिचान गरी आन्तरीक आयको अभिबृद्धिमा कैलारी बाँसीको अपन्त्व श्रृजनाका कार्यक्रमहरु संचालन गर्ने
- स्थानीय सरोकारवालाहरुका लागि कर सचेतना तथा कर शिक्षाका कार्यक्रमहरु संचालन गर्नु पर्ने ।
- वित्तिय जोखीम न्यूनीकरण तथा सुशासन प्रवर्द्धनका कार्यक्रम संस्थागत गर्दै लैजानु पर्ने ।
- गाउँपालिकाबाट संचालन गरीने कार्यक्रमहरु समाजिक न्यायका आधारमा संचालन गर्नु पर्ने
- गाउँपालिकाको आन्तरीक आय अभिबृद्धिका लागि बार्षिक कार्य योजनाको निमार्ण तथा कार्यान्वयन/पुर्नावलोकन गर्नु पर्ने ।
- राजश्व सुधार योजनाले परिलक्षित गरेका वित्तिय अनुशासनका औजारको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।
- जनमैत्री तथा जनमुखी सेवा प्रवाहका लागि समिक्षा, सुनुवाई तथा सार्वजनिक जवाफदेहीताका लागि शुसासनका औजारका साथै आम्दानी तथा खर्चको मध्यावधिक मूल्याँकन गर्नु पर्ने ।
- बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा समानुपातिक, समावेशीता तथा सामाजिक न्यायका आधारमा गर्नु पर्ने ।
- बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग तथा निकासा हुने बजेट रकमको बिश्लेषण गर्नु पर्ने ।
- वित्तिय साक्षरताका साथै सार्वजनिक खर्चमा मित्तव्ययीताका कार्यक्रम सँचालन गर्नु पर्ने ।
- लागतमा साझेदारी तथा दोहरोपनाको न्यूनीकरणका लागि विकास साझेदारसँग योजना तर्जुमा तथा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने ।
- गाउँपालिकाबाट कार्यान्वयन हुने कार्यक्रमहरुको दिगो तथा प्रभावकारी कार्यान्वयनका लागि लाभग्राही लगायतका अन्य सरोकारवालाहरुसँगको छलफल तथा अन्तरक्रियालाई सँस्थागत गर्नु पर्ने ।

**सभाका सभा अध्यक्ष महोदय,**

कैलारी गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन का साथै सुशासन तथा संस्थागत विकासका कार्यहरुलाई प्रभावकारी तथा दिगो रुपमा कार्यान्वयन गर्नका लागि बित्तिय श्रोतहरुको दिगो पहिचान तथा परिचालन गर्नुका साथै गाउँपालिकाका कार्यहरुलाई बढी भन्दा बढी जनमुखी तथा जनमैत्री बनाउनका लागि बित्तिय जोखीम न्यूनीकरण तथा सुशासन प्रवर्द्धनका कार्यलाई संस्थागत गर्दै लैजानु पर्ने हुन्छ । गाउँपालिकाको आन्तरीक आय अभिबृद्धिका लागि राजश्व परामर्श समितिबाट सिफारिस गरिएका करका दायरा तथा दर अनुसारको कर संकलनका लागि प्रभावकारी सयन्त्रको निमार्ण गर्नु पर्ने हुन्छ । गाउँपालिकाले दिगो विकासको अवधारणा अनुरुपका योजनाहरुको प्राथमिकिकरण गरी अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजनाहरुको छनौट गरी योजनाबद्ध रुपमा गाउँपालिका लक्ष्य, उद्धेश्य तथा दृष्टिकोणलाई सहयोग गर्ने विकासका गतिबिधिहरु संचालन गर्नु पर्ने देखिन्छ । त्यसैगरी गाउँपालिकाको श्रोत तथा साधानबाट संचालन गर्न नसकिने ठूला योजनाहरुको कार्यान्वयनका लागि संघीय सरकार तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्यता गर्नु पर्ने देखिन्छ । साथै समाजिक विकास तथा सामाजिक रुपान्तरणका कार्यक्रमहरु कार्यान्वयनका लागि विभिन्न गैर सरकारी संघ संस्थाहरुका साथै विकास साझेदारसँगको समन्वय, सहकार्यलाई अझ व्यवस्थित तथा नतिजा मूलक बनाई कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ ।

**सभाका सभा अध्यक्ष महोदय,अन्त्यमा,**

यो बजेट, तथा कार्यक्रम तर्जुमा प्रक्रियामा सक्रिय सहभागी भै योगदान पुर्‍याउने यस गाउँपालिकाका गाउँसभाका अध्यक्ष, सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, स्थानीय राजश्व परामर्श समितिका सदस्य लगायत कर्मचारी मित्रहरु, तथा सरोकारवालाहरु प्रति हार्दिक आभार व्यक्तगर्दै धन्यबाद दिन चाहन्छु । यस गरिमामय कार्यक्रममा उपस्थित गाउँसभाका सदस्य, पत्रकार बन्धु लगायत अन्य उपस्थित महानुभावमा हार्दिक कृतज्ञता तथा धन्यबाद व्यक्त गर्न चाहन्छु । गाउँपालिकाको समग्र विकास तथा रुपान्तरित कैलारीका लागि नेपाल सरकार, प्रदेश सरकार, राजनितिक दल, विकास साझेदार तथा कैलारी गाउँपालिकाबाँसी जनसमुदायका साथै नागरीक अगुवाहरुबाट सदैव रचनात्मक सहयोग, सदभाव तथा पृष्ठपोषणको आशा र अपेक्षा गर्दै विदा हुन चाहन्छु ।

(भगवती कुमारी चौधरी)
उपाध्यक्ष
कैलारी गाउँपालिका

## बिषयगत समिति/क्षेत्र अनुसार प्रस्तावित गरिएका योजना तथा कार्यक्रमहरु :

३३

**शसर्त, अनुदान**

| क्र.स. | कार्यक्रम | खर्च शिर्षक | बजेट(रु हजार) |
|---|---|---|---|
| **२.७.१८** | **पशुपन्छी विकास कार्यक्रम ;** | | |
| २.७.१८.४० | कृतिम गर्भाधान मिसन कार्यक्रम | २६३३२ | १,५० |
| २.७.१८.२४७ | इपिडेमियोलोजिकल रिपोटिंग | २६३३२ | १२ |
| २.७.१८.३३४ | महामारी, आकास्मिक रोग नियन्त्रण कार्यक्रम | २६३३२ | १,०० |
| २.७.१८.२४४ | एक पालिका एक भेटनरी डाक्टर | २६३३२ | ५,२५ |

| | | | |
|---|---|---|---|
| २.७.१८.३६० | आधारभूत प्रयोगशाला कार्यक्रम | २६३३२ | ६,१३ |
| | **जम्मा** | | **१४,००** |
| **२.७.१३** | **कृषि विकास कार्यक्रम ;** | | |
| २.७.१५.६०६ | आलु  प्रवर्धन कार्यक्रम | २६३३२ | १०,०० |
| २.७.१५.४६९ | आ.व. २०७९-०८० मा स्थापना भएका तेलहन बालि पकेट विकास कार्यक्रमको निरन्तरता | २६३३२ | ६,०० |
| २.७.१५.४६७ | आ.व. २०७९-०८० मा स्थापना भएका केरा बालि पकेट विकास कार्यक्रमको निरन्तरता | २६३३२ | ६,०० |
| २.७.१५.१३० | कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम | २६३३२ | १,०० |
| २.७.१५.१२९ | किसान सूचीकरण कार्यक्रम | २६३३२ | २,४९ |
| २.७.१५.३२८ | सुचना प्रकासन तथा उन्नत बिउ उपयोग अनुगमन | २६३३२ | १,५० |
| २.७.१५.५०२ | खाद्यान्न बालीको उन्नत बिउ उपयोगमा अनुदान (धान,गहु) | २६३३२ | १०,७५ |
| २.७.१५.३२७ | उन्नत बिउ बितरकलाई प्रोत्साहन अनुदान | २६३३२ | १,५० |
| २.७.१५.३७७ | मकै बालि प्रवर्धन कार्यक्रम | २६३३२ | १०,०० |
| २.७.१५.३७६ | रैथाने बाली प्रवर्धन  कार्यक्रम | २६३३२ | ५,०० |
| २.५.७.२१ | कृषि तथा पशु सेवाका एक गाउ एक प्राबिधिकहरुको तलव भत्ता | २६३३२ | १२,५१ |
| १.१.२.२२ | कृषिस्नातककरार | २६३३२ | ५,२५ |
| | **जम्मा** | | **७२,००** |
| **२.४.१** | **रोजगार सेवा केन्द्र** | | |
| २.४.१.७ | रोजगार सेवा केन्द्रका लागि मसलन्द | २६३३२ | ७८ |
| २.७.२८.१३५ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा –अध्यावधिक –कार्यान्वयन | २६३३२ | ५० |
| २.५.७.१० | प्राबिधिक सहायककोपोसाक | २६३३२ | १० |
| २.५.७.८ | प्राबिधिक सहायककोतलब | २६३३२ | ४,५२ |
| ११.३.७.६ | रोजगार सेवा केन्द्रको (कम्प्युटर, फर्निचर, क्यामरा, अन्य उपकरण ) | २६३३२ | २,०० |
| २.५.७.७ | रोजगार संयोजकको पोसाक | २६३३२ | १० |
| २.७.३.७ | रोजगारी सृजना (नेपाल सरकार ) | २६३३२ | २९,२२ |
| २.७.३.७ | रोजगार सहायकको पोसाक | २६३३२ | १० |
| २.५.३.५ | रोजगार सहायकको तलब ३४ | २६३३२ | ४,५२ |
| २.५.७.५ | रोजगार संयोजकको तलव | २६३३२ | ५,६८ |
| २.७.३.८ | रोजगारी सृजना (आइ.डी. ए.) | २६३३२ | २२,८९ |
| २.७.२८.१३६ | रोजगारसम्बाद मंच संचालन | २६३३२ | ३० |
| २.८.१.१० | संचालित रोजगार आयोजनाको  अनुगमन | २६३३२ | ४५ |
| २.७.२५.१३१ | श्रमको सम्मान राष्ट्रकोअभियान क्रियाकलाप | २६३३२ | ६० |
| | **जम्मा** | | **७१,७६** |
| २.६.४ | **उधमशिलाता, रोजगारीमुलक-सशक्तीकरण –शिप विकास तथा क्षमता विकास तालिम** | | |

| | | | |
|---|---|---|---|
| २.६.४.८५ | गरीबी निवारणका लागी लघु उधम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम उधमिको स्तरोन्नति, आवश्यकता पहिचानका आधारमा पुनर्ताजगीर एडभान्स सीप बिकास तालिम कार्यक्रम | २६३३२ | २,०० |
| २.६.४.८६ | गरीबी निवारणका लागी लघु उधम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिमलघु उधम विकास मोडेलमानयाउधमी सिर्जना गर्ने | २६३३२ | ८,६० |
| २.६.४.१४ | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृधि गर्नाका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | २६३३२ | १,४० |
| | **जम्मा** | | **१२,००** |
| **२.८.१** | **अनुगमन, मूल्यांकन तथा कार्यक्रम कार्यान्वयन** | | |
| २.८.१.९ | एम.आइ.एस. अपरेटर र फिल्ड सहायकको दै .भ्र.भत्ता – यातायात र इन्धन | २६३३२ | ५० |
| २.९.९.६ | अन्य बिबिध खर्च (आयोजना, सामाजिक सुरक्षा तथा घटना दर्तासम्बधि बिभिन्न बैठकको चियापान लगायतकोखर्च) | २६३३२ | ६५ |
| २.९.९.७ | अन्य बिबिध खर्च ( चियापान लगायतकोअन्य बिबिध) | २६३३२ | २४ |
| २.५.७.४ | एम.आइ.एस. अपरेटर र फिल्ड सहायककोपारिश्रमिक, चाडवाडखर्चतथा पोसाक खर्च | २६३३२ | ७,३५ |
| २.४.१.४ | मसलन्द सामान खरिद ( सेवा केन्द्र) | | ५० |
| | **जम्मा** | | **९,२४** |
| **२.७.१३** | **शैक्षिक कार्यक्रम** | | |
| २.७.१३.४१ | आधारभूत तह कक्षा (६-८) मा अग्रेजी, गणित र बिज्ञन बिषयमा शिक्षण सहयोग अनुदान | २६३३२ | २७,०९ |
| २.७.१३.२३ | सामुदायिक विधालयका छात्रालाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २६३३२ | २२,८६ |
| २.७.१३.४९ | कोभिड १९ वाट पुगेको शैक्षिक क्षतिको परिपूर्ण तथाअन्य विपदका समयमा सिकाइ निरंतारता कार्यक्रम | २६३३२ | ६,०० |
| २.७.१३.११ | शैक्षिक पहुच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम(परम्परागतबिधालय,बैकल्पिक बिधालय साक्षरता र निरंतार शिक्षाका कार्यक्रम) | २६३३२ | ७,५० |
| २.७.१३.४० | माध्यामिकतह तह कक्षा (६-८) मा अग्रेजी, गणित र बिज्ञन बिषयमा शिक्षण सहयोग अनुदान | २६३३२ | ३४,०८ |
| २.७.१३.३०२ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, बिद्यार्थी परिक्षण मूल्यांकन, शिक्षकमेन्टरिग तथा बिधालय सुपरिवेक्षण | २६३३२ | १२,१४ |
| २.७.१३.१३ | बिधालय शैक्षिक गुणस्तर सुद्रिधिकरण एव कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | २६३३२ | ८८,०० |
| २.७.१३.१० | बिधालय संचालन तथा व्यवस्थापन अनुदान | २६३३२ | २९,८० |
| २.७.१३.५० | पर्तिविद्यार्थीलागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्री व्यवस्थापनका लागि विद्यालयलाइ अनुदान | | ३६,१६ |
| **१.१.४** | **अस्थायी शिक्षक** | | |
| १.१.४.१ | प्रारम्भिक बालविकास सहजकर्ताहरुको पारिश्रमक तथा | २६३३२ | १,७३,४८ |

| | | | |
|---|---|---|---|
| | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | | |
| **२.७.१४** | **खेलकुद** | | |
| २.७.१४.१ | राष्ट्रपति रनिगशिल्ड प्रतियोगिता (स्थानीय तह स्तरीय ) | २६३३२ | १,०० |
| **७.२.१** | **आधारभूत** | | |
| ७.२.१.१. | सार्वजनिक बिधालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति(आवासीय तथा गैरआवासीय) | २६३३२ | ११,१५ |
| **२.७.११** | **खाद्यान्न – दिवाखाजा –पोष्टिक आहार वितरण** | | |
| २.७.११.११ | तोकिएकाविद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाइ अनुदान | २६३३२ | ९८,५५ |
| **२.७.८** | **प्रशिक्षण** | | |
| २.७.८.३९४ | CTEVTको मापदण्ड बमोजिम सामुदायिक विद्यालयमा प्राबिधिक शिक्षा संचालन अनुदान | २६३३२ | ७,०० |
| **१.१.३** | **स्थायी शिक्षक** | | |
| १.१.३.४. | माध्यामिक तहको स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक –कर्मचारी प्राबिधिक धार समेत ) | २६३३२ | २,५३,०० |
| **१.१.३.३** | आधारभूत तहको स्वीकृत दरवन्दीका शिक्षक, राहतअनुदान शिक्षकका लागि तलव भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक –कर्मचारी समेत ) | २६३३२ | ९,५९,०० |
| **२.४.६** | **नि ;शुल्कपाठ्यपुस्तक आधारभूत तह** | | |
| २.४.६.१ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | २६३३२ | ४९,१९ |
| | **जम्मा** | | **१८,१६,००** |
| **१.१.१** | **स्वास्थ्य** | | |
| १.१.१.८८ | स्थानीय तहका स्वास्थ्य शाखा ,स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र,अस्पताल तथा आयुर्वेद औषाधालयमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव , महागी भत्ता र पोशाक भत्ता | २६३३२ | ४,०३,०० |
| २.७.२२.१०२९२ | आकस्मिक अवस्था औषाधि एव ल्याव सामाग्री ढुवानी , रेकर्डिंग तथा रिपोर्टिंगका लागि फर्म, फर्मेटछपाई, इ .टि .बि .रजिस्टर अव्यावाधिक, विश्व क्षयरोग दिवस सम्बन्धि कार्यक्रम ,स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण कार्यक्रमको अर्ध बार्षिक समिक्षा तथा कोहार्ट विश्लेषण | २६३३२ | १,४० |
| २.७.२२.१०६२७ | स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत आमा सुरक्षा, गार्भावती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार | २६३३२ | २९,१५ |
| २.७.२२.१०७९९ | स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम | २६३३२ | १३,५४ |
| २.७.२२.१०७९४ | नियमित खोप सुद्रिधिकरण,, पूर्ण खोप सुनिश्चता र दिगोपना, एफ.आइ.पी भी खोपबाट बचाउन सकिने रोगहरुको नमुना संकलन, निगरानी तथा व्यवस्थापन , सरसफाई प्रवर्द्धन | २६३३२ | २,३० |

| | | | |
|---|---|---|---|
| | कार्यक्रमको समिक्षा  र सुक्ष्म योजना आध्यावाधिकका लागि १ दिने गोष्ठी , पूर्ण खोप वडा, पालिका सुनिश्चिताका लागि खोप समन्वय समिति तथा जनप्रतिनिधिहरुको अभिमुखीकरण, वडामा घरधुरी सर्वेक्षण, भेरिफिकेसन, अनुगमन, तथा प्रमाणीकरण का लागि व्यवस्थापन खर्च | | |
| २.७.२२.६७ | राष्ट्रिय महिला स्वास्थ्य स्वयसेबिका कार्यक्रम (पोसाक, प्रोत्साहन, यातायात खर्च, र दिवस खर्च समेत ) | २६३३२ | २८,०० |
| २.७.२२.१०७७५ | किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एव मुल्याकन तथा किटजन्य रोगको नियन्त्रणका लागि बहुनिकाय आन्त्रक्रिया तथा ढुवानी समेत (औलो  कालाजार ) | २६३३२ | ३० |
| २.७.२२.१०७९१ | किसोरकिसोरी स्वास्थ्य सेवा | २६३३२ | ७९ |
| २.२२.७.१०८१० | पोषण बिशेष कार्यक्रम | २६३३२ | ४,७६ |
| २.२२.७.९४२४ | पालिका स्तरमा स्वास्थ्य सस्थाहरुको मासिक बैठक , स्वास्थ्यका कार्यक्रमको डाटा भेरिफिकेसन एव गुणस्तर सुधारका साथै अर्ध एव बार्षिक समिक्षा | २६३३२ | २,०० |
| २.२२.७.९४२१ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद | २६३३२ | १२,८७ |
| २.२२.७.१०२९५ | कम्युनिटी डट्स कार्यक्रम संचालन र स्वास्थ्य र्मीहरुलाई क्षय रोग मोडुलर तालिम | २६३३२ | ६० |
| २.२२.७.१०८०६ | समुदायमा क्षयरोग सम्बन्धि अभिमुखीकरण एव घरदैलो क्षयरोग खोजपहिचान कार्यक्रम,क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोगखोजपडताल कार्यक्रम,घरपरिवारका सदस्यहरुको सम्पर्क परिक्षण,एव ५ बर्ष मुनिका बालबालिकामा क्षयरोग रोकथाम सम्बन्धि टि .पी.टि. कराक्रम | २६३३२ | १,०० |
| २.२२.७.१०७९० | परिवार योजना सेवा | २६३३२ | १,८२ |
| २.२२.७.९६५३ | CBIMNCIकार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण, समता तथा पहुच कार्यक्रम | २६३३२ | ३,४० |
| २.२२.७.१०५०४ | प्रजननरुग्णता कार्यक्रम | २६३३२ | ८५ |
| २.२२.७.१०७९३ | स्थानीय तहको  साझेदारीमा कोभिड १९ बिरुद्ध खोप अभियानमा बुस्टर खोप समेत संचालन पालिका-वडाबाट खोप केन्द्रस्तरमा सुपरिवेक्षण तथा दादुरा रुबेलाको खोप अभियान संचालन एव व्यवस्थापनका लागि पालिका-वडा खोपसमितिको अभिमुखीकरण र गोष्ठी | २६३३२ | २,३९ |
| २.२२.७.९४२२ | स्वास्थ्य चौकी (आधारभूत स्वास्थ्य सेवा केन्द्र) कोन्यूनतम सेवा मापदण्ड कार्यक्रम (अभिमुखीकरण, फलोअप,अनुगमनतथा सिध्रिधिकरण) | २६३३२ | १,१३ |
| २.७.२५.३१५ | **(विशेष अनुदान सँघ) ;** सिकलसेल एनिमिया न्यूनिकरण सम्बन्धि कार्यक्रम | २६३३३ | ५५,०० |
| २.७.२७.१ | बिश्व रक्तचापदिवस तथा आत्महत्या न्यूनीकरण दिवस मनाउने तथा महिला सामुदायिक स्वास्थ्य स्वयसेबिकालाई नसर्ने तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | २६३३२ | ७० |

| | | | |
|---|---|---|---|
| १.१.१.८९ | आयुर्वेद सेवा कार्यक्रम (आयुर्वेद औषाधलय) | २६३३२ | ६,०० |
| | **जम्मा** | | **५,७१,००** |
| **२.७.१६** | **खाद्य तथा पोषण कार्यक्रम** | | |
| २.७.१६.१ | पोषणसंबेदनशील(खानेपानी, सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध क्षेत्रका कार्यक्रम संचालन ) | २६३३२ | १,५० |
| २.७.१६.१ | पोषण विशेष(स्वास्थ्य) क्षेत्रका कार्यक्रम संचालन | | १,५० |
| | **जम्मा** | | **३,००** |
| **११.४.२** | **अन्य सार्वजनिक  निर्माण** | | |
| ११.४.२२.१२८९३ | सडकपुर लोहरपुर रोड **(समपुरक अनुदान सँघ)** | २६३३४ | ७५,०० |
| ११.४.८.३१११८ | लक्कड, सिम्रानापारीझो.पु., घुराहा,कैलारी | २६३३६ | ३५,०० |
| ११.४.२२.११८०६ | बसन्ता स्कूलको गेट देखि फूलपातीको घरहुदै नारायणपुर मोहनपुर भुइयाफ़ाटासडक स्तारोउन्नति योजना, कैलारी ७, निर्वाचन क्षेत्र न.३,कैलारी गा.पा. वाड न.७ | २६३३६ | २५,०० |
| ११.४.२२.१३८२२ | कैलारी गा.पा. ७, रामपुर र भुइँयाफाटा ढल निकास र सडक निर्माण | २६३३६ | २५,०० |
| ११.४.२२.१४२१९ | पालिका अन्तर्गत निर्माणाधीन ५-१०-१५ शैया आधारभूत अस्पतालकोसृजित दायित्वभुक्तानी | २६३३६ | ३५,०० |
| ११.४.२२.५९०० | नवीकरणीय उर्जा प्रबिधि जडान (बायोग्यास, बिधुतिय चुलो ,सुधारिएको चुलो, सौर्य उर्जा ) | २६३३६ | १०,०० |
| | **समपुरक अनुदान**(**प्रदेश**) | | **८०,००** |
| | गोवरैला पलिया रतनपुर १ किमी सडक  कालोपत्रे | | ४०,०० |
| | धर्मापुर घुराहा पुल देखी मनाउ सम्म १ किमी सडक कालोपत्रे | | ४०,०० |
| | **बिशेष अनुदान**(**प्रदेश**) | | **३५,००** |
| | स्थानीय थारु भाषा पठनपाठन शिक्षण सहयोग कार्यक्रम | | ३५,०० |
| | **जम्मा** | | **३२,०००** |
| | **शर्सतको जम्मा** | | **२८,८९,००** |

## वित्तीय समानीकरण, राजश्व बाडफाड, आन्तरिक आय तर्फ :

| **क्र.स.** | **कार्यक्रमको नाम** ३८ | श्रोत | **बजेट(रु हजार)** | **कैफियत** |
|---|---|---|---|---|
| १ | **समपुरक कोष** | समानीकरण अनुदान संघीय, राजश्व बाडफाड  संघीय, समानीकरण अनुदान प्रदेश | ६,००,०० | |
| २ | **भुक्तानी वाकी** | आन्तरिक आय | १,००,०० | |
| ३ | **भुमि ब्यबस्थान(भुमि आयोग)** | राजश्व बाडफाड संघीय | ४९,५० | |
| ४ | **बिस्तृत परियोजना प्रतिवेदन** | राजश्व बाडफाड संघीय | २०,०० | |

| | | | | |
|---|---|---|---|---|
| **५** | **अध्यक्ष कप रनिग प्रतियोगिता(खेलाकुद कार्यक्रम)** | राजश्व बाडफाड संघीय | **३२,००** | |
| **६** | **क्षमता विकास तथा रोजगार कार्यक्रम** | राजश्व बाडफाड संघीय | **१०,००** | |
| **७** | **स्वास्थ्य बिमाका लागि आर्थिक सहयोग** | राजश्व बाडफाड संघीय | **५,००** | |
| **८** | **विधुतीय सुशासन तथा सुचना प्रबिधि** | राजश्व बाडफाड संघीय | **१०,००** | |
| **९** | **अध्यक्ष स्वरोजगार कार्यक्रम** | राजश्व बाडफाड संघीय | **१०,००** | |
| **१०** | **उपाध्यक्ष समावेसी कार्यक्रम** | राजश्व बाडफाड संघीय | **२०,००** | |
| **११** | **वडागत बजेट सिलिंग ;**<br>**पूर्वाधार बिकास +लक्षित कार्यक्रम+ वडाको प्रशासनिक + अन्य** | | **५,९४,५०** | |
| **११.१** | **वडा न. १ का लागि** | | **६५,५०** | |
| ११.१.१ | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३,०० | |
| ११.१.२ | लक्षित वर्ग कार्यक्रम | आन्तरिक आय | १२,०० | |
| ११.१.३ | वडा कार्यालय र स्वास्थ्य केन्द्रमा स्तनपान कक्ष | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.१.४ | पत्रपत्रिका तथा सुचना सम्प्रेषण | राजश्व बाडफाड संघीय | ५० | |
| ११.१.५ | सडक स्तरोन्नती | समानीकरण अनुदान संघीय | १५,०० | |
| ११.१.६ | सडक मर्मत तथा ग्राभेल | समानीकरण अनुदान संघीय | १०,०० | |
| ११.१.७ | होमपाईप खरिद | समानीकरण अनुदान संघीय | ४,०० | |
| ११.१.८ | खानेपानी | समानीकरण अनुदान संघीय | ३,०० | |
| ११.१.९ | काडेतार खरिद | राजश्व बाडफाड संघीय | ३,०० | |
| ११.१.१० | राधाकृष्ण मन्दिर गेट निर्माण | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.१.११ | मझरा चर्च मर्मत सम्भार | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.१.१२ | छिमानन्द आ. बि. मा माटो पटान | राजश्व बाडफाड संघीय | २,०० | |
| ११.१.१३ | वनदेवी प्रा.बि.मा छाना अनुदान | समानीकरण अनुदान संघीय | ८० | |
| ११.१.१४ | हसुलिया बजार व्यवस्थापन तथा लाइट जडान | राजश्व बाडफाड संघीय | २,०० | |
| ११.१.१५ | विपद व्यबस्थापनमा | राजश्व बाडफाड संघीय | २,०० | |
| ११.१.१६ | हिमशिखर क्लबको घर मर्मत ३९ | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.१.१७ | बिसनपुर गोल घर पर्खालि मर्मत | समानीकरण अनुदान संघीय | १,५० | |
| ११.१.१८ | आधारभूत स्वास्थ्य केन्द्र र गाउघर क्लिनिकका टेबुल कुर्सी | समानीकरण अनुदान संघीय | ५० | |
| ११.१.१९ | बिभिन्न चाडपर्व बिशेष तथा अन्य कार्यक्रम | राजश्व बाडफाड संघीय | १,२० | |
| ११.१.२० | वडा छात्रवृत्ति कोष | राजश्व बाडफाड संघीय | १,०० | |
| **११.२** | **वडा न. २ का लागि** | | **६५,५०** | |
| ११.२.१ | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३,०० | |
| ११.२.२ | होम पाइप खरिद तथा जडान | समानीकरण अनुदान संघीय | १०,०० | |

| | | | | |
|---|---|---|---|---|
| ११.२.३ | जनकल्याण नि.मा.बि. मा माटो पटानी | समानीकरण अनुदान संघीय | २,५० | |
| ११.२.४ | सरस्वती प्रा.बि. को पर्खाल निर्माण | समानीकरण अनुदान संघीय | २,५० | |
| ११.२.५ | दोङ्पुर् कुलोमा झोलुगे डुड निर्माण | समानीकरण अनुदान संघीय | २,५० | |
| ११.२.६ | बसौटी गाउको बिभिन्न सडक ग्राभेल | समानीकरण अनुदान संघीय | ३,०० | |
| ११.२.७ | लक्कड़को बिभिन्न बाटोहरु ग्राभेल | समानीकरण अनुदान संघीय | २,०० | |
| ११.२.८ | रा.मा.वि . विचैपुरको लक्कड़को खेल मैदान मर्मत | समानीकरण अनुदान संघीय | १,५० | |
| ११.२.९ | रामपुर जनक खनालको घर देखि उत्तर रागी राम चौधरीको घर सम्म सडक ग्राभेल | समानीकरण अनुदान संघीय | २,०० | |
| ११.२.१० | रामपुर भागीराम कामीको घर देखि गोपाल भूलको घर सम्म बाटो ग्राभेल | समानीकरण अनुदान संघीय | १,५० | |
| ११.२.११ | मझरा गाउको किल्निक घर निर्मार्ण | आन्तरिक आय | १,०० | |
| ११.२.१२ | महिमा ए जी चर्च मण्डली मर्मत | समानीकरण अनुदान संघीय | २,०० | |
| ११.२.१३ | उजेली सेमर सडक स्तरोन्नती | समानीकरण अनुदान संघीय | २०,०० | |
| ११.२.१४ | युवा तथा खेलकुद कार्यक्रम | आन्तरिक आय | १,०० | |
| ११.२.१५ | महिला आयआर्जन कार्यक्रम | राजश्व बाडफाड संघीय | ७५ | |
| ११.२.१६ | दलित आयआर्जन कार्यक्रम | राजश्व बाडफाड संघीय | ७५ | |
| ११.२.१७ | भलम्साहरुको खाजा तथा संचार | आन्तरिक आय | ७२ | |
| ११.२.१८ | अपाङ्गता आयआर्जन कार्यक्रम | आन्तरिक आय | ५० | |
| ११.२.१९ | बालबालिका तथा स्तनपान कक्ष सामाग्री खरिद | आन्तरिक आय | ७५ | |
| ११.२.२० | मुक्त कम्लरी कार्यक्रम | राजश्व बाडफाड संघीय | २० | |
| ११.२.२१ | महिला स्वयम सेविका सम्मान कार्यक्रम | राजश्व बाडफाड संघीय | ३० | |
| ११.२.२२ | जेष्ठ नागरीक सम्मान कार्यक्रम | राजश्व बाडफाड संघीय | ७० | |
| ११.२.२३ | दोंदपीडीत, शहिद परिवार, अल्पसंख्यकका लागि कार्यक्रम | राजश्व बाडफाड संघीय | २० | |
| ११.२.२४ | लागूऔषध दुर्बेसन न्यूनीकरण कार्यक्रम | राजश्व बाडफाड संघीय | ५० | |
| ११.२.२५ | एकल पुरुष खाजा तथा संचार ४० | राजश्व बाडफाड संघीय | ४८ | |
| ११.२.२६ | सास्कृतिक कार्यक्रम | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.२.२७ | कृषि तथा पशु सामग्री खरिद तथा व्यवस्थापन | राजश्व बाडफाड संघीय | २,०० | |
| ११.२.२८ | तरकारी संकलन केन्द्र माटो पटान | राजश्व बाडफाड संघीय | २० | |
| ११.२.२९ | वडाको आवश्यकता अनुसार बिबिध | राजश्व बाडफाड संघीय | १,९५, | |
| **११.३** | **वडा न. ३ का लागि** | | **६५,५०** | |
| ११.३.१. | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३,०० | |
| ११.३.२. | लक्षित वर्ग कार्यक्रम | आन्तरिक आय | १३,५० | |
| ११.३.३ | भौतिक पूर्वाधार बिकास ( सडक स्तरोन्नती, सडक ग्राभेल, जैविक तथा भौतिक तटबन्धन, भवन | समानीकरण अनुदान संघीय | २७,५० | |

| | | | | |
|---|---|---|---|---|
| | निर्माण , माटो पटानी लगायतका भौतिक पूर्वाधार बिकासका योजनाहरु | | | |
| ११.३.४ | वन तथा वातावरण बिकासमा | राजश्व बाडफाड संघीय | १४,५० | |
| ११.३.५. | ममर्त तथा भैपरीमा | राजश्व बाडफाड संघीय | ७,०० | |
| **११.४** | **वडा न. ४ का लागि** | | **६५,५०** | |
| ११.४.१ | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३,०० | |
| ११.४.२ | लक्षित वर्ग कार्यक्रम | आन्तरिक आय | १६,७० | |
| ११.४.३ | पूर्वाधार बिकासमा | समानीकरण अनुदान संघीय | ३२,५० | |
| ११.४.४ | बनबातावरण तथा विपद व्यबस्थापन | राजश्व बाडफाड संघीय | ३,०० | |
| ११.४.५ | शिक्षा,स्वास्थ्य तथा खानेपानी | राजश्व बाडफाड संघीय | ५,३० | |
| ११.४.६ | कृषि विकास | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.४.७ | वडाको आवश्यकता अनुसार अन्य बिबिध, भैपरी | राजश्व बाडफाड संघीय | ४,०० | |
| **११.५** | **वडा न. ५ का लागि** | | **६५,५०** | |
| ११.५.१. | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३०० | |
| ११.५.२ | लक्षित वर्ग कार्यक्रम | आन्तरिक आय | १२,०० | |
| ११.५.३ | बिभिन्न दिवसीय कार्यक्रम | आन्तरिक आय | १,०० | |
| ११.५.४ | भौतिक पूर्वाधार क्रमागत सडक स्तरोन्नती, | समानीकरण अनुदान संघीय | १५,०० | |
| ११.५.५ | सडक ग्राभेल | समानीकरण अनुदान संघीय | ७,०० | |
| ११.५.६ | अधुरो सुरक्षित भवन  निर्माण , नया मनिकापुर | समानीकरण अनुदान संघीय | ४,०० | |
| ११.५.७ | होमपाईप खरिद | समानीकरण अनुदान संघीय | ४,०० | |
| ११.५.८ | देउथान निर्माण | समानीकरण अनुदान संघीय | ६,०० | |
| ११.५.९ | अधुरो पर्खाल निर्माण, बिसनपुर | समानीकरण अनुदान संघीय | ३,०० | |
| ११.५.१० | शिव मन्दिर, गोबरैला माटो पटानी | समानीकरण अनुदान संघीय | ५० | |
| ११.५.११ | आराधना चर्चाको झ्याल ढोका निर्माण | समानीकरण अनुदान संघीय | ५० | |
| ११.५.१२ | काटे तार खरिद | समानीकरण अनुदान संघीय | २,०० | |
| ११.५.१३ | गाउघर क्लिनिक व्यबस्थापन ४१ | राजश्व बाडफाड संघीय | ५० | |
| ११.५.१४ | लोक सेवा तयारी कक्षा | राजश्व बाडफाड संघीय | २,०० | |
| ११.५.१५ | लघु उद्दमीहरुको स्तरोन्नती | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.५.१६ | ममर्त सम्भार तथा अन्य वडाको अनुसारका | राजश्व बाडफाड संघीय | ४,०० | |
| **११.६** | **वडा न. ६ का लागि** | | **६५,५०** | |
| ११.६.१ | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३,०० | |
| ११.६.२ | लक्षित वर्ग कार्यक्रम | आन्तरिक आय | १३,०० | |
| ११.६.३ | दिवसीय कार्यक्रम | आन्तरिक आय | १,०० | |
| ११.६.४ | पत्रपत्रिका तथा सुचना सम्प्रेषण | राजश्व बाडफाड संघीय | ५० | |
| ११.६.५ | सडक स्तरोन्नती | समानीकरण अनुदान संघीय | १५,०० | |

| | | | | |
|---|---|---|---|---|
| ११.६.६ | सडक मर्मत तथा ग्राभेल | समानीकरण अनुदान संघीय | १०,०० | |
| ११.६.७ | बनाकटटा सुर्मी जाने बाटो र बेनौली बनाकटटा जोडने नया बाटोमा होमपाइप कल्भर्ट | समानीकरण अनुदान संघीय | ५,०० | |
| ११.६.८ | जानकी मा.बि बनाकटटा साइकलमा स्टेन्ड | राजश्व बाडफाड संघीय | १,५० | |
| ११.६.९ | अधुरो वडा कार्यालय घेरवार | समानीकरण अनुदान संघीय | ६,०० | |
| ११.६.१० | गोर बहादुर बि.क. को खेत नजिक झलारी नालामा जैविक तटबन्धन | समानीकरण अनुदान संघीय | १,०० | |
| ११.६.११ | सुर्मिमा अधुरो मन्दिर निर्माण | समानीकरण अनुदान संघीय | २,०० | |
| ११.६.१२ | वडा कार्यालय र स्वास्थ्य केन्द्रमा स्तनपान कक्ष | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.६.१३ | खरेटी गोविन्दपुरमा बैठक हल निर्माण | समानीकरण अनुदान संघीय | २,०० | |
| ११.६.१४ | नाथुनिया तालको मन्दिर जाने पुल मर्मत | राजश्व बाडफाड संघीय | ३० | |
| ११.६.१५ | कृषि सम्बन्धि तालिम तथा बिउ खरिद | राजश्व बाडफाड संघीय | १,५० | |
| ११.६.१६ | काडेतार खरिद | राजश्व बाडफाड संघीय | २,०० | |
| ११.६.१७ | वडाको भैपरी तथा अन्य बिबिध | राजश्व बाडफाड संघीय | ७० | |
| **११.७** | **वडा न. ७ का लागि** | | **७०,५०** | |
| ११.७.१ | प्रशासनिक | | ३,०० | |
| ११.७.१.१ | जनप्रतिनिधि खाजा नास्ता | आन्तरिक आय | १,२० | |
| ११.७.१.२ | इन्धन | आन्तरिक आय | १,३० | |
| ११.७.१.३ | आर्थिक सहयोग | आन्तरिक आय | ५० | |
| ११.७.२ | लक्षित वर्ग कार्यक्रम | आन्तरिक आय | १०,०० | |
| ११.७.३ | सडक ग्राभेल | समानीकरण अनुदान संघीय | ४,०० | |
| ११.७.४ | डी.पी.आर. | राजश्व बाडफाड संघीय | ७,०० | |
| ११.७.५ | बुटकौह्रावा प्रा. बि. बिपतापुर पर्खाल निर्माण | समानीकरण अनुदान संघीय | ३,५० | |
| ११.७.६ | मोहनपुर कल्भर्ट निर्माण | समानीकरण अनुदान संघीय | २,०० | |
| ११.७.७ | रतनपुर कोठार घर अधुरो भवन निर्माण | समानीकरण अनुदान संघीय | ५,०० | |
| ११.७.८ | शिवपुर सामुदायिक घर मर्मत | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.७.९ | छटकपुर सामुदायिक घर मर्मत | राजश्व बाडफाड संघीय | २,५० | |
| ११.७.१० | तिघरी साझा घर निर्माण | समानीकरण अनुदान संघीय | ३,०० | |
| ११.७.११ | हुलाकी राजमार्ग देखि क्लबको घर सम्म बाटो स्तरोन्नती, रामपुर | समानीकरण अनुदान संघीय | १३,०० | |
| ११.७.१२ | रामजानकी मन्दिर निर्माण, रामपुर | समानीकरण अनुदान संघीय | ६,०० | |
| ११.७.१३ | जनता नमुना आ.बि. रामपुर पर्खाल निर्माण ४२ | राजश्व बाडफाड संघीय | ४,०० | |
| ११.७.१४ | राष्ट्रिय आ. बि. बसन्ता पर्खाल निर्माण | राजश्व बाडफाड संघीय | ३,०० | |
| ११.७.१५ | भुइयाफाटा पुरानो स्कुल देखि रामपुर सम्म सडक बत्ति जडान | राजश्व बाडफाड संघीय | ५० | |
| ११.७.१६ | सडक ग्राभेल हौसलपुर | राजश्व बाडफाड संघीय | ५० | |
| ११.७.१७ | हौसलपुर काडे तार | राजश्व बाडफाड संघीय | ५० | |
| ११.७.१८ | मानव धर्म झ्याल ढोका मर्मत | राजश्व बाडफाड संघीय | १०० | |
| ११.७.१९ | उच्च तथा गहिरो नल्का | राजश्व बाडफाड संघीय | १०० | |
| **११.८** | **वडा न. ८ का लागि** | | **६५,५०** | |
| ११.८.१ | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३,०० | |

| | | | | |
|---|---|---|---|---|
| ११.८.२ | गुराँस कृषक समुह् तरकारी खेती कार्यक्रम | आन्तरिक आय | १,०० | |
| ११.८.३ | कृषि तालिम कार्यक्रम | आन्तरिक आय | १,५० | |
| ११.८.४ | पशुपालन तालिम | आन्तरिक आय | १,५० | |
| ११.८.५ | ब्याडमिन्टन  खेल मैदान (कोर्ट ) निर्माण (लक्ष्मी.मा.बि.मा) | आन्तरिक आय | ५० | |
| ११.८.६ | जेष्ठ नागरिक , एकल , अपाङ्गता , दलित बालबालिका, शहिद परिवार र अन्य सम्मान | आन्तरिक आय | ३,०० | |
| ११.८.७ | नारी दिवस | आन्तरिक आय | ४२.४ | |
| ११.८.८ | भलमन्सा खाजा तथा संचार | आन्तरिक आय | ५७.६ | |
| ११.८.९ | स्वयम सेविका कार्यक्रम | आन्तरिक आय | ४० | |
| ११.८.१० | बालबालिका शैक्षिक सुधार कार्यक्रम(नवदीप प्रा.बि. प्रतापुर ) | आन्तरिक आय | १,०० | |
| ११.८.११ | दलित कार्यक्रम (बाख्रा पालन) | आन्तरिक आय | ६० | |
| ११.८.१२ | लोकसेवा कक्षा संचालन | आन्तरिक आय | २,०० | |
| ११.८.१३ | नेतृत्व बिकास तालिम | आन्तरिक आय | १,०० | |
| ११.८.१४ | प्रतापुर देखि रामपुर गाउ सम्म सडक स्तरोन्नती, | समानीकरण अनुदान संघीय | १५,०० | |
| ११.८.१५ | कुटीटोल झो. पु. नजिक जैविक तटबन्धन | समानीकरण अनुदान संघीय | ८,०० | |
| ११.८.१६ | वडा न. ८ का सडक ग्राभेल तथा मर्मत | समानीकरण अनुदान संघीय | ५,०० | |
| ११.८.१७ | दुधिया देखि वनकनद्री जाने बाटोमा हुम्पाईप जडान | समानीकरण अनुदान संघीय | ५,०० | |
| ११.८.१८ | शुद्खानेपानी कार्यक्रम | राजश्व बाडफाड संघीय | ३,०० | |
| ११.८.१९ | सोनबरुवा नालामा काठेपुल निर्माण | राजश्व बाडफाड संघीय | ८,०० | |
| ११.८.२० | अखुवा सहकारी सस्थामा माटो पटानी | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.८.२१ | रोशनी  सहकारी सस्थामा माटो पटानी | राजश्व बाडफाड संघीय | १,०० | |
| ११.८.२२ | वडाको आवश्यकता अनुसार अन्य बिबिध | राजश्व बाडफाड संघीय | ३,०० | |
| **११.९** | **वडा न. ९ का लागि** | | **६५,५०** | |
| ११.९.१ | प्रशासनिक / कार्यालय संचालन | आन्तरिक आय | ३,०० | |
| ११.९.२ | लक्षित वर्ग कार्यक्रम | आन्तरिक आय | १०,०० | |
| ११.९.३ | मर्मत सम्भार वडा न.९ का सबै टोलमा ग्राभेल | समानीकरण अनुदान संघीय | १०,०० | |
| ११.९.४ | जनता मा.बि. गदरियामा सरस्वती मन्दिर निर्माण | समानीकरण अनुदान संघीय | ६,०० | |
| ११.९.५ | जनता मा.बि. गदरिया साइकल स्टेन्ड निर्माण | राजश्व बाडफाड संघीय | २,५० | |
| ११.९.६ | जनता मा.बि. गदरिया कम्पाउण्ड घेरावार ४३ | राजश्व बाडफाड संघीय | ३,०० | |
| ११.९.७ | वाड न. ९ भित्र पर्ने बाटो दिगो रुपमा बनाउने | समानीकरण अनुदान संघीय तथा राजश्व बाडफाड संघीय | ३१,०० | |
| **१२** | **आर्थिक विकासमा** | | **१,००,००** | |
| **१२.१** | **कृषि विकास कार्यक्रम** | | **४५,००** | |
| १२.१.१. | कृषिमा बिधुतिकरण | राजश्व बाडफाड संघीय | १०,०० | |
| १२.१.२. | माटो परिक्षण कार्यक्रम | राजश्व बाडफाड प्रदेश | ५,०० | |
| १२.१.३. | बिषादी  तथा सुक्ष्म खाध तत्व  कार्यक्रम | राजश्व बाडफाड प्रदेश | ७,०० | |
| १२.१.४. | बिभिन्न कृषि तालिम | राजश्व बाडफाड प्रदेश | १०,०० | |
| १२.१.५. | माटो सुधार कार्यक्रम | राजश्व बाडफाड प्रदेश | १०,०० | |

| | | | | |
|---|---|---|---|---|
| १२.१.६ | सस्थागत बिकास | राजश्व बाडफाड प्रदेश | ३,०० | |
| **१२.२** | **पशुसेवा कार्यक्रम** | | **५५,००** | |
| १२.२ .१ | औषधी खरिद तथा वितरण | राजश्व बाडफाड संघीय | २३,०० | |
| १२.२ .२ | खोप कार्यक्रम | राजश्व बाडफाड संघीय | ६,०० | |
| १२.२ .३ | पशु स्वास्थ्य शिबिर | राजश्व बाडफाड संघीय | ४,०० | |
| १२.२ .४ | बाख्रा पालन तालीम | राजश्व बाडफाड संघीय | १,९८ | |
| १२.२ .५ | कुखुरा  पालन तालीम | राजश्व बाडफाड संघीय | ६४.५ | |
| १२.२ .६ | बंगुर  पालन तालीम | राजश्व बाडफाड संघीय | ६४.५ | |
| १२.२ .७ | भैसी पालन तालीम | राजश्व बाडफाड संघीय | ६६ | |
| १२.२ .८ | बर्षे तथा हिउदे घसको बिउ वितरण | राजश्व बाडफाड संघीय | ९,०० | |
| १२.२ .९ | खोर निर्माण | राजश्व बाडफाड संघीय | ३,०० | |
| १२.२ .१० | बडिजो क्यास्ट्रोतर खरिद | राजश्व बाडफाड संघीय | १,९५ | |
| १२.२ .११ | सर्जिकल  सामाग्री खरिद | राजश्व बाडफाड संघीय | ३० | |
| १२.२ .१२ | शाखा व्यवस्थापन, अनुगमन , सस्थागत विकास | राजश्व बाडफाड संघीय | ३,८२ | |
| **१३** | **सामाजिक बिकासमा** | | **४,००,००** | |
| **१३.१** | **शिक्षा (शैक्षिक बिकासमा)** | | **२,२५,००** | |
| १३.१.१ | कक्षा ८ को परिक्षा संचालन तथा व्यवस्थापन | राजश्व बाडफाड प्रदेश | ३,८० | |
| १३.१.२ | कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउनेलाइ छात्रवृत्ति | राजश्व बाडफाड प्रदेश | २० | |
| १३.१.३ | असहाय, टुहुरा, लक्षित, तथा अन्य बाललिकालाई शैक्षिक सामाग्री सहयोग | राजश्व बाडफाड प्रदेश | ३,०० | |
| १३.१.४ | शैक्षिक व्यवस्थापन (अभिमुखीकरण, भर्ना अभियन शैक्षिक क्यालेन्डर, शिक्षा समिति बैठक, शाखा संचालन, प्र.अ. बैठक,अन्तरक्रिया, क्षमता बिकास) | आन्तरिक आय | ९,८० | |
| १३.१.५ | मा.वि. बिध्यालय अतिरिक्त क्रियाकलाप | राजश्व बाडफाड प्रदेश | १,५० | |
| १३.१.६ | स्थानीय पाठ्यक्रम १-८ को सन्दर्भ सामग्री, १-२ को कार्य पुस्तक निमार्ण,सन्दर्भ सामग्री,छपाई | राजश्व बाडफाड प्रदेश तथा आन्तरिक आय | ६,०० | |
| १३.१.७ | बिध्यालयहरुलाई IEMIS कार्यशाला | आन्तरिक आय | ७० | |
| १३.१.८ | बिध्यालय कर्मचारी,बलाबिकस शिक्षक र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता पारिश्रमिक | आन्तरिक आय तथा समानीकरण अनुदान संघीय | १,१२,५१ | |
| १३.१.९ | स्थानीय भाषा शिक्षकलाई पारिश्रमिक ४४ | राजश्व बाडफाड संघीय | ६४,०९ | |
| १३.१.१० | माध्यामिक बिध्यालय कक्षा ९-१० शिक्षकलाई शिक्षण सहयोग अनुदान | राजश्व बाडफाड संघीय | २३,४० | |
| **१३.२** | **स्वास्थ्यमा** | | **१,०८,००** | |
| १३.२.१ | ल्याब सेवाका लागि उपकरण, केमिकल र सामाग्री | राजश्व बाडफाड संघीय | ५,८० | |
| १३.२.२ | नसर्ने कडा रोग पहिचान जाच शिविर संचालन | राजश्व बाडफाड संघीय | ३,७५ | |
| १३.२.३ | प्रजनन स्वास्थ्य तथा पाठेघर चेकजाच शिविर | राजश्व बाडफाड संघीय | २,७५ | |
| १३.२.४ | दिर्घरोग (ब्लडप्रेसर, सुगर,COPD मानसिक रोग) का लागि अत्यावस्यक औसाधि तथा सामाग्री | राजश्व बाडफाड संघीय | १३,०० | |
| १३.२.५ | ९८ प्रकारका औषधी खरिद | राजश्व बाडफाड संघीय | २०,०० | |
| १३.२.६ | बिभिन्न माहामारी जन्य रोगको रोकथाम, | राजश्व बाडफाड संघीय | २,५० | |

| | | | | |
|---|---|---|---|---|
| | नियन्त्रण, निगरानी, प्रतिकार्य र जनचेतना | | | |
| १३.२.७ | मानसिक स्वास्थ्य बिशेष शिविर संचालन | राजश्व बाडफाड संघीय | २,५० | |
| १३.२.८ | सिकलसेल बिमारीलाई यातायात खर्च | राजश्व बाडफाड संघीय | ९,०० | |
| १३.२.९ | एआरटि नियमित औषधी खाइरहेका रहेका HIV/ AIDS का बिमारीलाई यातायात | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.२.१० | अत्यावस्यक उपकरण तथा सामाग्री खरिद | राजश्व बाडफाड संघीय | ५,०० | |
| १३.२.११ | स्वास्थ्य सस्थाहरुको सामाजिक परिक्षण | राजश्व बाडफाड संघीय | ३,०० | |
| १३.२.१२ | उदाशिपुर पिएचसी २४ घण्टा सेवा संचालन | राजश्व बाडफाड संघीय | ३,०० | |
| १३.२.१३ | आखा चेकजाच शिविर संचालन | राजश्व बाडफाड संघीय | २,५० | |
| १३.२.१४ | दिवसीय कार्यक्रम | राजश्व बाडफाड संघीय | १,५० | |
| १३.२.१५ | कोल्डचेन व्यवस्थापन, प्रोत्साहन् | राजश्व बाडफाड संघीय | २,०० | |
| १३.२.१६ | स्वास्थ्य सस्थाहरुको कार्यालय संचालन | राजश्व बाडफाड संघीय | ६,७५ | |
| १३.२.१७ | जन्म दर्ता प्रोत्साहन् कार्यक्रम | राजश्व बाडफाड संघीय | ९० | |
| १३.२.१८ | आमा सुरक्षा कार्यक्रम | राजश्व बाडफाड संघीय | २,०० | |
| १३.२.१९ | औषधी, उपकरण तथा सामाग्री ढुवानी | राजश्व बाडफाड संघीय | १,८० | |
| १३.२.२० | स्वास्थ्यकर्मीका लागि तालिम, अनुशिक्षण, दै.भ्र.भ | राजश्व बाडफाड संघीय | १,५० | |
| १३.२.२१ | महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन् कार्यक्रम | राजश्व बाडफाड संघीय | २,७५ | |
| १३.२.२२ | आमा समुहको बैठक संचालन व्यवस्थापन सहयोग | राजश्व बाडफाड संघीय | २,२५ | |
| १३.२.२३ | व्यवस्थापन समितिका पधाधिकारीको क्षमता बिकास | राजश्व बाडफाड संघीय | १,७५ | |
| १३.२.२४ | कक्षा ८-१० मा अध्ययनरत बालबालिकालाइ प्रजनन तथा मानसिक स्वास्थ्य कार्यक्रम | राजश्व बाडफाड संघीय | १,५० | |
| १३.२.२५ | आइरन फोलिक एसिड कार्यक्रम | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.२.२६ | नाक,कान,घाटि, दाँत शिविर संचालन | राजश्व बाडफाड संघीय | २,७५ | |
| १३.२.२७ | बिदाको अबधिमा सेवा प्रवाह् गर्ने कर्मचारीलाइ प्रोत्साहन | राजश्व बाडफाड संघीय | ७५ | |
| १३.२.२८ | प्रगति समिक्षा, स्वास्थ्यबिमा सुद्रिकरण | राजश्व बाडफाड संघीय | १,२५ | |
| १३.२.२९ | उदासीपुरप्रा.स्वा. केन्द्रका लागि Power Backup | राजश्व बाडफाड संघीय | २,५० | |
| १३.२.३० | महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमको वार्षिक समिक्षा | राजश्व बाडफाड संघीय | १,७५ | |
| **१३.३** | **महिला बालबालिका तथा सामाज कल्याण**१५ | | **२७,००** | |
| १३.३.१ | महिला सहकारीको क्षमता विकास तालिम | राजश्व बाडफाड संघीय | १,५० | |
| १३.३.२ | अपाङ्गता स्याहार तालिम | राजश्व बाडफाड संघीय | ५० | |
| १३.३.३ | महिलाका लागी सीप तथा व्यवसाय बिकास कार्यक्रम | राजश्व बाडफाड संघीय | ७,०० | |
| १३.३.४ | शाखा संचालन तथा व्यवस्थापन | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.३.५ | विभिन्न सचेतनामुलक सडक नाटक, अभियान, अभिमुखीकरण कार्यक्रम | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.३.६ | अंतरपुस्ता ज्ञानसिप हस्तान्तरण कार्यक्रम | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.३.७ | विपदमा जेष्ठनागरिक सहायोग अभिमुखीकरण | राजश्व बाडफाड संघीय | ५० | |
| १३.३.८ | समुदायमा जेष्ठनागरिक पहिचान, नक्साकन, स्थिति | राजश्व बाडफाड संघीय | ५० | |

| | | | | |
|---|---|---|---|---|
| | पहिचान | | | |
| १३.३.९ | अपाङ्गता सहायक सामाग्री खरिद | राजश्व बाडफाड संघीय | २,०० | |
| १३.३.१० | दिवसीय र अभियान कार्यक्रम | राजश्व बाडफाड संघीय | ५० | |
| १३.३.११ | बाल भेला संचालन | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.३.१२ | बाल क्लब गठन तथा पुनर्गठन | राजश्व बाडफाड संघीय | ५० | |
| १३.३.१३ | महिला विकास समूह समितिका पधधिकरिको क्षमता विकास तालिम | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.३.१४ | संरक्षण बिहिन बालबालिकालाई शैक्षिक सामाग्री सहयोग तथा सहायता कार्यक्रम | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.३.१५ | गर्भवती, सुत्केरीका परिवारलाई जेसी तालिम | राजश्व बाडफाड संघीय | १,०० | |
| १३.३.१६ | तिज तथा महिला चाडपर्व विशेष कार्यक्रम | राजश्व बाडफाड संघीय | ५० | |
| १३.३.१७ | स्तनपान कक्ष निर्माण तथा व्यवस्थापन | राजश्व बाडफाड संघीय | ३,०० | |
| १३.३.१८ | बाल अधिकार समितिको क्षमता विकास | राजश्व बाडफाड संघीय | ९० | |
| १३.३.१९ | अपाङ्गता परिचय पत्र वितरण तथा बैठक संचालन | राजश्व बाडफाड संघीय | २,०० | |
| १३.३.२० | बाल अधिकार सामितिको बैठक संचालन | राजश्व बाडफाड संघीय | ६० | |
| **१३.४** | **आयुर्बेद तथा बैकल्पिक चिकित्सा** | | **१५,००** | |
